मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक १८५ | २०८० साल जेठ ०३ गते बुधबार | Wednesday 17, May.2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## एमालेद्वारा मधेश सरकारको चर्को आलोचना



मधेशदृष्टि
जनकपुरधाम ।
निर्धारित समय भन्दा करिब डेढ घण्टापछि सुरु भएको मधेश प्रदेशसभाको बैठकमा प्रदेशसभा सदस्यले मधेश सरकारको कामकारवाहीलाई लिएर कडा आलोचना गरेका छन् ।
उनीहरुले मुख्यमन्त्री सरोजकुमार यादवले हाउसलाई बिजनेस नदिई अपारदर्शी ढंगले काम गर्न खोजेको आरोप लगाए । अरु त अरु नेकपा एमाले, जो मधेश सरकारको ठूलो दल, सरकारमा सहयात्री भएर बसेको सारथी, सोमबार साँझ मात्रै प्रदेश सरकारलाई दिएको समर्थन लिएको पार्टीले मंगलबारको बैठकमा सरकारको चर्को आलोचना गरेको छ । जबकि, एमालेले सरकार छाडे पनि मधेशमा नयाँ सरकार विस्तार भएको छैन ।
मधेश प्रदेश सरकारलाई दिइएको समर्थन फिर्ता लिएपछि नेकपा एमाले प्रमुख प्रतिपक्षी दल भएको जानकारी प्रदेशसभा बैठकमा सभामुख रामचन्द्र मण्डलले जानकारी गराएका थिए । मंगलबार बसेको प्रदेशसभा बैठकमा प्रमुख प्रतिपक्षी दलका रुपमा मधेश सरकारको आलोचना गर्दै एमालेले समेत पहिलो दिन नै आफ्नो भूमिका निर्वाह गरेको छ ।
एमाले संसदीय दलका नेता सरोजकुमार यादवले राजनीतिक घटनाक्रम अनुसार सरकारलाई दिइएको समर्थन फिर्ता लिइएको जनाउँदै उनले सरकारले सन्तोषजनक विकास निर्माणका कामकारबाही गर्न नसकेको भन्दै आलोचना गरे । उनले सरकारले अहिलेसम्म पनि विकास निर्माणको योजना सम्पन्न गराए पनि बजेट भुक्तानी नगर्नु दुःखद रहेको भन्दै तत्काल भुक्तानी व्यवस्था मिलाउन आग्रह गरे । उनले एमालेले प्रमुख प्रतिपक्षी दलका रुपमा सरकारलाई रचनात्मक ढंगले सहयोग गर्ने बताए । उनले दलका नेताहरुबीचको आपसी समझदारीअनुसार नै भूमिका मैत्रीपूर्णरुपमा छनोट गरेको समेत बताए । उनले मधेश प्रदेश सरकारमा रहँदा रचनात्मकरुपमा प्रभावकारी ढंगले कामकारबाही गरेको दाबी गरे । उनले सरकारमा रहेका भन्दा सरकारमा नरहेकाको संख्या हाउसमा बढी रहेकाले सचेततापूर्वक जनताको हितमा काम गर्न मुख्यमन्त्री सरोजकुमार यादवलाई सुझाए ।

## नाम फेरिए पनि चार मन्त्री पुरानै मन्त्रालयमा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले केही महिनाअघि नामअनुसार कामकारबाहीमा कठिनाइ भएको भन्दै केही मन्त्रालयको नाम परिवर्तन गरेको थियो । निवर्तमान मुख्यमन्त्री लालबाबु राउतले आफ्नो कार्यकालमा मन्त्रालय विस्तार तथा नाम परिवर्तन गरेका थिए । अहिले सरोजकुमार यादव मुख्यमन्त्री छन् । मुख्यमन्त्री राउतले कार्यकालमा भएका मन्त्रालयको नाम

*बाँकी पृष्ठ २ मा*

## कसले के बोले ?



### प्रदेश सरकारलाई रुलिङ गर्न माग

प्रदेशसभा बैठकमा दिइएको विशेष समयमा एमालेका संसदीय दलका उपनेता दिपेन्द्र कुमार ठाकुरले प्रदेश सरकारलाई रुलिङ गर्न सभामुखसमक्ष माग गरे । बैठकमा एमालेका उपनेता ठाकुरले जनताका लागि काम गर्नुपर्नेमा गैरजिम्मेवार रवैया अपनाएको भन्दै सरकारको आलोचना गरे । प्रदेशसभामा उठ्ने विभिन्न आवाजलाई मधेश सरकारले महत्व नदिएको भन्दै सरकारलाई संसदप्रति उत्तरदायी बन्न रुलिङ गर्न उपनेता ठाकुरले सभामुखलाई ध्यानाकर्षण गराए । एमाले भ्रष्टाचारविरोधी पार्टी रहेको भन्दै उनले आफूहरुले भ्रष्टाचारका विषयमा उठाएका आवाजप्रति सरकार बेखबरजस्तै देखिएको बताए।
उनले प्रदेशका मन्त्रीले सशर्त अनुदानमा मनोमानी गरिरहेको भन्दै प्रदेशका सांसदहरुको आवाज नसुन्ने मन्त्रीविरुद्ध आन्दोलन गरिने चेतावनी दिए । उनले मधेश प्रदेशको मौलिक खेलकुदलाई बढी प्राथमिकता दिई यसतर्फ समेत ध्यान दिए युवापुस्ता स्वस्थ्य र व्यस्त रहेर कुलतमा फस्नबाट जोगिनेसमेत बताए । उनले ठूला दललाई सरकार बनाउने अवसर दिनुपर्नेमा पाखा लगाएर गठन गरिएको सरकारले लोकतन्त्रको रक्षा गर्न नसक्ने जिकिर गरे।



### मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने

विशेष समयमा बोल्दै प्रदेशसभा सदस्य जंगीलाल रायले मुलुक, सरकारको परिस्थिति परिवर्तन हुने संकेत देखिएको बताए । उनले वर्तमान अवस्थामा सरकार समीकरण परिवर्तन हुँदा सोको असर मधेश प्रदेशसहित सात वटै प्रदेशमा परेको बताए।
उनले अहिलेको परिस्थितिमा चाँडो कामकारबाही गर्नुपर्ने भएकोबताउँदै तत्काल सरकारले विकास निर्माणका काम अघि बढाउनुपर्ने उल्लेख गरे । उनले मुख्यमन्त्री यादवलाई एमालेले दिएको समर्थन फिर्ता लिएपछि विश्वासको मत लिनुपर्ने आवश्यकता रहेको बताए। मुलुकमा भ्रष्टाचार अति नै भएको भन्दै उनले कर्मचारी सरुवाबढुवादेखि सानो काममा पनि भ्रष्टाचार हुनु दुःखद रहेको बताए ।उनले मिडियाले पनि सत्यतथ्य आउनै नदिएको भन्दै मिडियाका साथीलाई कुनै पनि कुरा राख्दा खोजतलास गर्न आवश्यक रहेको र सत्यतथ्य उजागर गर्न आग्रह गरे।



### छानविनमा समस्या

प्रदेशसभा सदस्य बच्चा राउत अहिरले उच्चस्तरीय समिति गठन भएको दुई महिना बित्दा पनि काम गर्न भएको कठिनाई र समस्याप्रति सरकारले बेवास्ता गरेको बताए । उनले २९ गते समितिको बैठक भए पनि ठोस निर्णयमा पुग्न नसक्नु सरकारको कमजोरी रहेको बताए । उनले यस्तो अवस्था सिर्जना हुनुमा कर्मचारीको पनि कमीकमजोरी रहेको देखिएको बताए। उनले धनुषाको मुखियारपट्टी मुसहरनीयामा अनुगमन हुन बाँकी रहेको बताउँदै प्रदेश सरकारको बजेटको काममा पनि उपभोक्ता समितिलाई रकम भुक्तानी नहुँदा प्रत्यक्षपरोक्ष माध्यमबाट निकै गुनासो आउने गरेको बताए। उनले छानबिनमै कमीकमजोरी देखिएको स्वीकारे।



### समस्याअनुसार विकास निर्माण

प्रदेशसभा सदस्य चन्दनकुमार सिंहले मधेश प्रदेशको गरिमा बढाउन गम्भीर हुनुपर्ने बताए । उनले सरकारमा सहभागी भएका मन्त्रीले आफ्नो क्षेत्रबाट प्रदेशको अवस्था र समस्या हेरेर प्रदेशको विकास निर्माणको योजनाअनुसार अघि बढ्न सुझाए।



### कर्मचारी 'विनापिसी' भएं

प्रदेशसभा सदस्य माला कर्णले कर्मचारीले कमिसनविना काम गर्न नचाहेको गुनासो गरेकी छन् । मंगलबारको प्रदेश सभा बैठकमा कर्णले कमिसनका कारण विकास निर्माणका धेरै बजेट कार्यान्वय नभएको गुनासो गरिन् । उनले भनिन्, 'कर्मचारी विनापिसी (पर्सनल कमिसन) काम गर्दैनन् । भ्रष्टाचार छानबिन उच्चस्तरीय समितिमा आफैं छु । तर पिसी र कमिसनका कारण विकास निर्माणका धेरै योजना बजेट रोकिएको छ ।' उनले प्रदेशमा भइरहेको भ्रष्टाचार नियन्त्रणमाथि सरकारले गम्भीरतापूर्वक ध्यान दिनुपर्ने बताइन्।
उनले आफू सत्तापक्षको सांसद भए पनि सरकारको अनुभूति नभएको गुनासो गरिन् । उनले मन्त्रीलाई फोन गर्दा फोन नै नउठाइदिने गरेकाले मन्त्रीको कामप्रति आशंकासमेत व्यक्त गरिन् । संसदीय विकास कोषमा कर्मचारीको मनोमानी रहेको भन्दै उनले कर्मचारीले आफूअनुकुल नहुँदा भुक्तानी नदिने गरेको बताइन् । उनले पिसी लिने कर्मचारीलाई तत्काल कारबाही गर्नुपर्ने भएकाले यसका लागि प्रदेश सरकारले अग्रसरता देखाउनुपर्ने बताइन्।



### जनताका लागि के भयो ?

प्रदेशसभा सदस्य जयलुन राइनले अहिलेसम्म मधेश प्रदेश सरकारले जनताका लागि के कति कामकारबाही गरेका छन् भन्दै प्रश्न गरे । उनले प्रदेश सरकारले जनताका लागि गर्नुपर्ने आधारभूत काम नगर्दा जनता निराश रहेको बताए । उनले मुख्यमन्त्री सरोजकुमार यादवप्रति ईंगित गर्दै भने, 'मुख्यमन्त्री आफैं सुरक्षित नहुनु दुःखद हो ।'



### जनताप्रति उत्तरदायी बनौं

प्रदेशसभा सदस्य बेची लुंगेलीले प्रदेश सरकार र प्रदेशसभा जनताप्रति उत्तरदायी नरहेको बताइन् । उनले गर्मी, हावाहुरीलगायतले आगलागीका घटना वृद्धि भएको बताए । आगलागी नियन्त्रणका लागि सरकारले दमकलको व्यवस्था गर्नुपर्ने आवश्यकता उल्लेख गरे।



### बैठक निर्धारित समयमा होस्

प्रदेशसभा सदस्य उर्मिला सिंहले समयमै प्रदेशसभाको बैठक सुरु हुनुपर्नेमा ढिला गरी सुरु हुनु प्रदेश र देशको लागि शुभसंकेत नभएको बताइन् । उनले सप्तरी र सिरहामा बाटो र विकास निर्माणलगायतका संरचनामा व्यापक समस्या रहेको बताइन् । उनले वर्षात्को समयमा बाटो नै पानीले डुब्ने गरेकाले गम्भीर हुन ध्यानाकर्षण गराइन्।



### बजेट खर्च न्यून

प्रदेशसभा सदस्य प्रमोदकुमार जयसवालले बजेट खर्चको प्रतिशत निकै न्यून रहेको बताए । राजनीतिक घटनाक्रमले विकास निर्माणका बजेट खर्चमा समस्या भएको समेत उनले बताए । उनले विकास निर्माणका योजना समयमै सम्पन्न भए पनि बजेट निकासा नहुँदा प्रदेश सरकारप्रतिको विश्वसनीयता घट्दै गएको बताए।



### मन्त्रीले फोन उठाउँदैनन्

नेकपा एमालेका प्रमुख सचेतक लखन दासले एक मन्त्रीलाई १८ पटक फोन गर्दा पनि फोन नउठाएको गुनासो गरे । प्रमुख सचेतक दासले भने, 'मन्त्रीलाई धेरै पटक फोन गर्दा बल्ल १८ औं पटकमा फोन उठाउनु भयो । अनि मैले आफ्नो नाम भनेपछि अब सेभ गर्छु भनेर भन्नुभयो ।' उनले थपे, 'कति दुःखको कुरा हो, एमाले जस्तो ठूला दलको प्रमुख सचेतकको फोन पनि उठ्दैन ।' मधेश सरकार शिक्षाप्रति गम्भीर नरहेको उनले बताए । सरकारले शिक्षाका लागि बनाउनुपर्ने आवश्यक विधेयक र संरचना नबनाउदा प्रदेशमा व्यापक समस्या उत्पन्न भएको उनको भनाइ छ।



### कार्यदेशमै समस्या उत्पन्न

प्रदेशसभा सदस्य कौशल किशोर रायले विकास निर्माणका कामकारबाहीमा प्रदेश सरकार र कर्मचारीले कार्यादेश नदिदाँ बजेट व्यापकरुपमा फ्रिज भइरहेको बताए।



### महिला र पुरुष सांसदमै विभेद

प्रदेशसभा सदस्य किरणकुमारी साहले प्रदेशसभामा पनि महिला र पुरुष भनेर विभेद गरिएको बताइन् । उनले यसको अन्त्य हुनुपर्ने बताइन् । उनले प्रदेशसभामा महिला र पुरुषलाई फरक बजेट विनियोजन र फरक दृष्टिकोणले हेर्दा समस्या उत्पन्न भएको बताइन्।



### सम्पत्ति सार्वजनिक गरौं

प्रदेशसभा सदस्य शम्भुकुमार साहले प्रदेशसभा सदस्यहरुको सम्पत्ति विवरण सार्वजनिक गर्न माग गरे । प्रदेशसभा सदस्यबाट नै मन्त्री बनेकाले उनीहरुले पाँच वर्षको कार्यकालमा के कति बजेट चलाएको भन्ने पनि सरकारले सार्वजनिक गर्नु पर्ने व्यवस्था मिलाउन आग्रह गरे । उनले यसका लागि सभामुख र मुख्यमन्त्रीसँग माग गरे।



### सरकार नैतिक संकट

प्रदेशसभा सदस्य उपेन्द्र महतोले सरकार नैतिक संकटमा फसेको बताए । उनले सरकार गठन भएको एक सय दिन बिते पनि प्रभावकारी काम गर्न नसकेको टिप्पणी गरे। उनले सय दिनमा सरकारले के कस्ता कामकारबाही गरेको छ भन्ने सवालको जवाफ दिनुपर्ने बताए । उनले भने, 'मुख्यमन्त्रीले बोल्ने बेलामा जथाभावी बोल्ने, तर काम गर्नुपर्दा केही गर्न नसक्ने प्रवृत्तिको अन्त्य मुख्यमन्त्री आफैंले गर्नु पर्ने हुन्छ ।' उनले सबैलाई समेटेर मुख्यमन्त्री नबढ्नु दुःखद भएको बताए।



### हुलाकी सडक निर्माण गर

प्रदेशसभा सदस्य प्रमोदकुमार यादवले लामो समय बिते पनि समय सिमामा हुलाकी सडक बन्न नसक्नु दुःखद रहेको बताए । उनले छिटो छरितो निर्माणका लागि मधेश प्रदेश सरकारले पहल गर्नुपर्ने बताए।



### खेलकुदसम्बन्धी विधेयकमा छलफल

मधेश प्रदेश सरकारका अर्थमन्त्री सञ्जयकुमार यादवले प्रदेशसभामा प्रस्तुत गरेको प्रदेश खेलकुद विकास सम्बन्धमा बनेको विधेयकमाथि छलफल भएको छ । विधेयकमाथि प्रदेशसभा सदस्य शेषनारायण यादव, राजेन्द्रप्रसाद चौधरी थारु, चन्दनकुमार सिंह, राम अशिष यादव, प्रमोदप्रसाद जयसवाल, रत्नेश्वर गोइत यादव, किरणकुमारी साह, युवराज भट्टराई, ललिता दास, रानी शर्मा तिवारी, कनिस पटेलले विधेयकमा छुटेका बुँदा राख्न सुझाव दिए।



### सरकार गम्भीर छैन

प्रदेशसभा सदस्य सत्रुधनप्रसाद सिंहले सरकार लापरबाही भएको आरोप लगाए। सरकारले कुनै पनि काम राम्ररी जनतालाई देखाउने गरी गर्न नसकेको बताए। उनले मधेश प्रदेश सरकारले हरेक ढंगले गम्भीर हुनु पर्ने बताए।



### हाउसलाई बिजनेस देऊ

प्रदेशसभा सदस्य जिवछीकुमारी यादवले प्रदेश सरकार गठन भएको छ महिना बिते पनि हाउसलाई बिजनेस नदिनु जनतालाई ढाट्नु भएको बताइन् । उनले सरकार गठनको आधा वर्ष भए पनि सरकारले हाउसमा बिजनेस दिन नसक्नु दुःखद रहेको बताइन्।



## वाइसिएलले बुझायो ज्ञापन पत्र

# 'दलितलाई विभेद गर्नेलाई कारबाही गर'



**मधेशदृष्टि**
**वीरगंज।**
वाइसिएल नेपाल पर्साले धोबिनी गाउँपालिका-२ अस्वारीमा भइरहेको महायज्ञमा दलितलाई गरिएको विभेदमा संलग्नलाई कारबाही माग गर्दै प्रशासनमा ज्ञापनपत्र बुझाएको छ।

वाइसिएल संयोजक दिपेन्द्र सिंह पटेल तथा नेपाल दलित मुक्तिमोर्चाका केन्द्रीय उपाध्यक्ष लवकुश बैठाको नेतृत्वमा गएको टोलीले पर्सामा जातका आधारमा पटकपटक भइरहेको विभेद अन्त्य माग गर्दै यज्ञपूजामा प्रवेश निषेध गर्नेलाई कारबाही माग गरेको हो। उनीहरुले प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीलाई ज्ञापनपत्र दिँदै प्रहरी कार्यालयमा किटानी जाहेरी पनि दर्ता गराएका छन्।

# नाम फेरिए पनि चार मन्त्री ...

परिवर्तनसँगै कार्यविभाजनसमेत परिवर्तन गरेका थिए। यता आएर मन्त्रालयको नामकरण परिवर्तन भएको दुई महिना भएपनि चार मन्त्री अझै साविककै मन्त्रालयको नाम भनेर परिचय दिने गर्छन्।

करिब दुई महिना अघि मुख्यमन्त्री यादवले मन्त्रीपरिषद्को बैठकबाट मन्त्रालयको नाम र कार्यविभाजन फेरबदल गरिएपछि साविकको सामाजिक विकास मन्त्री सुरिता कुमारी साह, उद्योग पर्यटन तथा वन मन्त्रालय मन्त्री सुनिताकुमारी यादव, शिक्षा विज्ञान प्रविधि तथा वाणिज्य मन्त्री महेश प्रसाद यादव, खानेपानी तथा ऊर्जा विकास मन्त्री सिंहासन सा कलवार करिब दुई महिनादेखि मन्त्रालयविहीन बनेका छन्। उनीहरु पुरानै मन्त्रालयमा छन् र पुरानै मन्त्रीको परिचयमा कार्यरत छन्। मधेश सरकारले मन्त्रालयको नाम र कार्यविभाजन हेरफेर गरेपछि मन्त्रीलाई काम गर्न कठिनाइ भएको बुझिएको छ। शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेशप्रसाद यादवले मन्त्रालयको नाम फेरिएसँगै केही जिम्मेवारी पनि थपघट भएपछि काममा केही कठिनाई उत्पन्न भएको बताए। उनले अहिलेको नामअनुसार शिक्षालगायतका क्षेत्रका बजेट साविककै सामाजिक विकास मन्त्रालयमा रहँदा काम गर्न कठिनाई भएको बताए। मन्त्रालयको नाम र शीर्षक अनुसारको बजेट हस्तान्तरण नहुँदा कठिनाई भएको उनको भनाइ छ। सामाजिक विकास मन्त्रालयबाट शिक्षा, विज्ञान, प्रविधि हटाएर नयाँ मन्त्रालय गठन गरिएको थियो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को बैठकबाट सातवटा मन्त्रालयको नाम र कार्यविभाजन परिमार्जन गर्ने निर्णय चैत ९ गते भएको थियो। त्यसपछि साविकका सामाजिक विकास मन्त्रालय, खानेपानी तथा ऊर्जा विकास मन्त्रालय, उद्योग पर्यटन तथा वन मन्त्रालय, कानुन न्याय तथा प्रदेश सभा मन्त्रालय, महिला बालबालिक तथा खेलकुद मन्त्रालय, शिक्षा विज्ञान प्रविधि तथा वाणिज्य मन्त्रालय र गृह तथा सञ्चार मन्त्रालयको नाम परिमार्जन गरी कार्यविभाजन भयो। मन्त्रालयहरुको नाम र कार्यविभाजन परिमार्जनपछि शिक्षा तथा समाज कल्याण मन्त्रालय, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, गृह, सञ्चार तथा कानुन मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नामकरण गरिएको छ। मन्त्रालय नामकरणसँगै कार्यविभाजनपछि भौतिक पूर्वाधार विकास मन्त्रालयबाट श्रम तथा यातायात हटाएर श्रम तथा यातायात मन्त्रालय स्थापना गरिएको छ। त्यस्तै, कानुन, न्याय तथा प्रदेश सभा मन्त्रालयलाई गृह तथा सञ्चार मन्त्रालयमा पूर्णरुपेण समायोजन गरी गृह, सञ्चार तथा कानुन मन्त्रालय बनाइएको छ। अर्थ मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र भूमि व्यवस्था तथा कृषि मन्त्रालयको नाम यथावत राखिएको छ।

मन्त्रालयको नाम फेरिए पनि अघिकै मन्त्रालयको जिम्मेवारीमा रहेकाले मन्त्रीहरुलाई विनाविभागीय मन्त्री भन्न नमिल्ने प्रमुख सचिव किशोर कुमार चौधरीले दावी गरे। मन्त्रालयको नाम दोस्रोपटक नामकरण गरिएको छ। यसअघि निवर्तमान मुख्यमन्त्री लालबाबु राउतले जनता समाजवादी पार्टीबाट महन्थ ठाकुर नेतृत्वमा लोकतान्त्रिक समाजवादी पार्टी नेपाल अलग भएपछि नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी दललाई सरकारमा सहभागी गराउन मन्त्रालय विस्तारसँगै नाम परिवर्तन गरेका थिए।

# 'औद्योगिक पूर्वाधार र प्राकृतिक स्रोतको सदुपयोग आवश्यक'

**रासस**
**काठमाडौँ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि औद्योगिक पूर्वाधार निर्माण र प्राकृतिक स्रोतको अधिकतम प्रयोगमार्फत् आन्तरिक उत्पादन बढाउन आवश्यक रहेको बताएका छन्।



उद्योग मन्त्रालय र नेपाल उद्योग परिसङ्घले संयुक्त रुपमा काठमाडौँमा आयोजना गरेको 'मेक इन नेपाल : स्वदेशी समिट, २०२३' को उद्घाटन सत्रमा उनले नेपाली वस्तु तथा सेवाको प्रवर्द्धनका लागि 'मेक इन नेपालः स्वदेशी' अभियान एक महत्वपूर्ण कदम हुने बताए। आन्तरिक उत्पादन बढाउनका लागि गरिनुपर्ने नीतिगत र व्यवहारिक सुधार एवम् समन्वयका लागि सरकार प्रतिवद्ध रहेको पनि उनले बताए।

'लगानीमैत्री औद्योगिक वातावरणको निर्माण, आत्मनिर्भर अर्थतन्त्रका लागि औद्योगिक पूर्वाधार र समृद्धिका प्राकृतिक स्रोतको सदुपयोगका लागि आवश्यक वातावरण बनाउन सरकार प्रतिवद्ध छ', उद्योगमन्त्री रिजालले भने, 'आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि सरकार र निजी क्षेत्रबीच समन्वय चाहिन्छ। औद्योगिक विकासबिना अर्थतन्त्रको दीगो विकास सम्भव छैन।'स्वदेशी वस्तुको उत्पादन बढाउन आवश्यक नीतिगत तथा व्यवहारिक सुधारका लागि सरकार प्रतिबद्ध रहेको उनले बताए। मेक इन नेपाल : स्वदेशी अभियानलले स्वदेशी वस्तु प्रयोग बढाउने र आयात प्रतिस्थापन गरी निर्यातसमेत प्रवर्द्धन गर्ने बताए।

'स्वदेशमा वस्तु तथा सेवाको उत्पादन, उपभोग साथै रोजगारी तथा आयआर्जनमार्फत् आत्मनिर्भर अर्थतन्त्र तथा क्रमिक विकासको उद्देश्य प्राप्तिका लागि उद्योग मन्त्रालय र परिसङ्घले संयुक्त रुपमा सञ्चालन गरिरहेको यस अभियानले नेपाली वस्तु तथा सेवाको प्रवर्द्धन गरी निर्यातमा समेत सकारात्मक भूमिका खेल्नेछ', मन्त्री रिजालले भने।

सांसद डा स्वर्णिम वाग्लेले अर्थतन्त्रको पुनरसंरचनाको आवश्यकता रहेको उल्लेख गरे। त्यस्तै नेपालले आफ्नो हित अनुकुल हुनेगरी केही वस्तु तथा सेवालाई संरक्षण र सम्वर्द्धन गर्न आवश्यक रहेको उनको भनाइ छ। विगतमा खुला बजार अर्थतन्त्रले मान्यताअनुसार चलेपनि अब भने केही वस्तु र सेवालाई राज्यले संरक्षण गर्नैपर्ने भएको उनले उल्लेख गरे। 'पहिले उपभोक्तालाई हेरेर विश्वका जुनसुकै ठाउँमा भएपनि सस्तो मूल्यमा वस्तु पाउनुपर्छ भन्ने थियो। तर अहिले राष्ट्रिय सुरक्षा र राष्ट्रिय हितका कुरा पनि आउँछन्। यसका लागि नीतिगत रुपमा केहि सम्बोधन गर्नुपर्छ', वाग्लेले भने। अब यसबारे बहस आवश्यक रहेको भन्दै उनले सापेक्षिक र प्रतिस्पर्धात्मक लाभका वस्तुको पहिचान गरी त्यसको संरक्षण र बजारीकरणमा जोड दिनुपर्ने बताए।

सरकारले बनाउने नीति नियमबारे पहिले निजी क्षेत्रले सीमित धारणा बनाएर जाने गरेकोमा अहिले राष्ट्रिय परिप्रेक्ष्यमा कुरा उठाउने गरेको पनि उनले बताए।कार्यक्रममा नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवालले नेपाली उत्पादन तथा वस्तुको उपभोग बढाउने र तिनलाई प्रतिस्पर्धी बनाइ विश्व बजारमा लैजाने लक्ष्यका साथ यो अभियान शुरु भएको बताए। नेपालले क्षेत्रगत रुपमा कुन वस्तु तथा सेवालाई प्रवर्द्धन गर्न सकिन्छ भनेर छुट्याउनुपर्ने पनि उनको भनाइ छ। प्राकृतिक स्रोतको अधिकतम उपयोगमार्फत् नेपालले प्रतिस्पर्धी बजार स्थापित गर्नसक्ने पनि अग्रवालले बताए।

'हामीले जलस्रोत, वन सम्पदा, गिट्टी-ढुङ्गा, जडबुटीलगायतमा रहेको व्यावसायिक सम्भावनालाई सन्तुलित र अधिकतम उपयोग गरेर समृद्धि हासिलका लागि सदुपयोग गर्न सक्नुपर्छ', उनले भने, 'पाँच वर्षमा गिट्टी ढुङ्गा निर्यातबाट रू दुई खर्ब र काठजन्य वस्तुको निर्यातबाट रू एक खर्ब रुपैयाँ आर्जन गर्न सकिने अनुमान छ। त्यसैले, हामीले वातावरणमा खासै प्रभाव नपर्ने गरी योजना र नीतिका साथ यी क्षेत्रमा लगानी प्रोत्साहन र प्रवर्द्धनको नीति लिन आवश्यक छ।' उद्योगहरुलाई सरकारले सहुलियत दिने गरी सरकारी-निजी साझेदारी मोडेलमा औद्योगिक पार्क बनाएर लगानी आकर्षित गर्न र औद्योगीकरणलाई प्रोत्साहित गर्न आवश्यक रहेको उनले उल्लेख गरे। सरकारले वर्षौंअघि घोषणा गरेर हालसम्म पनि विकास हुन नसकेका छ वटा औद्योगिक क्षेत्र निजी क्षेत्रको संलग्नतामा विकास र सञ्चालन गर्न सकिने अग्रवालको भनाइ छ। नेपाल उद्योग परिसंघले सरकारी-निजी साझेदारी मोडेलमा नेपालकै नमुना औद्योगिक पार्क बनाउने सोचका साथ सरकारलाई आशयपत्र बुझाइ सकेको उनले उल्लेख गरे।अहिले उद्योगका लागि खरिद गरेको हदबन्दीभन्दा बढीको जग्गा धितो राखेर ऋण लिन नपाउने नीति रहेकोमा यस्ता नीतिले ठूलो लगानी आकर्षित गर्न नसक्ने उनले बताए।

पछिल्लो डेढ वर्षमा 'मेक इन नेपाल : स्वदेशी' अभियानमा एक सय १० हाराहारी नेपाली कम्पनी आबद्ध भइसकेका उल्लेख गर्दै अग्रवालले यी कम्पनीका उत्पादन गुणस्तर र मूल्य दुवै दृष्टिले प्रतिस्पर्धी रहेकोसमेत दावी गरे। नेपालमा प्रवर्द्धन गर्न सकिने प्रतिस्पर्धी वस्तु र सेवाका रुपमा परिसंघले १० वटा क्षेत्र पहिचान गरेको अग्रवालको भनाइ छ।

'जलविद्युत, सूचना प्रविधि, औषधि, मेडिकल सेवा, उत्पादन, हस्तकलाका सामग्री, निर्माण, वित्त तथा व्यापार सेवा, पर्यटन तथा होटल र व्यावसायिक खेती हाम्रा प्रतिस्पर्धी वस्तु हुन्। यी क्षेत्रमा लगानी प्रोत्साहनका लागि सरकारले १० वर्षे योजनाका साथ विशेष नीति ल्याउनुपर्छ', उनले भने।

सरकाले चालु आर्थिक वर्ष २०७९/८० को बजेटमा स्वदेशी वस्तुको उत्पादन र प्रयोग बढाउन आफ्नै उत्पादन आफ्नै उपभोग अभियान सञ्चालन गर्ने उल्लेख गरेको छ। 'सरकारी तथा सार्वजनिक निकायमा स्वदेशी उत्पादन प्रयोग गर्नुपर्ने व्यवस्था मिलाइनेछ। निजी क्षेत्रले सञ्चालन गरेका 'मेक इन नेपाल तथा मेड इन नेपाल' जस्ता अभियानलाई नेपाल सरकारबाटसमेत आवश्यक सहयोग उपलब्ध गराइनेछ', चालु आर्थिक वर्षको बजेटमा भनिएको छ।

# डिजेल र मट्टीतेलमा प्रति लिटर १० रुपैयाँ घट्यो



**मधेशदृष्टि**
**काठमाडौँ।**
नेपाल आयल निगमले डिजेल र मट्टीतेलमा प्रति लिटरमा १० रुपैयाँले घटाएको छ। सोमबार बसेको निगम सञ्चालक समितिको बैठकबाट मूल्य घटाउने निर्णय गरेको हो। अब डिजेल र मट्टीतेलको प्रतिलिटर उपभोक्ता मूल्य १५५ रूपैयाँ कायम भएको छ। यसअघि प्रतिलिटर १६५ रूपैयाँ डिजेल र मट्टीतेल बिक्री हुँदै आएको थियो।निगमले पेट्रोल, हवाई इन्धन र खाना पकाउने ग्याँसको मूल्यलाई यथावत नै राखेको छ।मंगलबार भारतबाट पेट्रोलियम पदार्थको मूल्य घटेर आएपछि भारतीय आयल कर्पोरेसन (आईओसी) ले पठाएको नयाँ मूल्यसूची अनुसार डिजेलको प्रतिलिटर ८ रुपैयाँ र पेट्रोलको ९ रुपैयाँले घटेर आएको थियो।यस अनुसार सञ्चालक समिति बैठकले मंगलबार राति डिजेल र मट्टीतेलको मूल्य समायोजन गरेको हो।

# आगलागीमा तीन घर नष्ट




**मधेशदृष्टि**
**वीरगंज।**
बाराको पचरौता नगरपालिका वडा नम्बर ४ इनर्वा गाउँमा मंगलबार दिउँसो आगलागी हुँदा तीन घर जलेर पूर्णरुपमा नष्ट भएको छ। थप ३ वटा घरमा आंशिक क्षति पुगेको छ। आगलागीबाट लाखौंको क्षति भएको पचरौता नगरपालिकाका प्रमुख जलन्धर सिंहले जानकारी दिए। स्थानीय सुगिन्दर पटेल, राजा मोहन पटेल र रामचरित्र बैठाको घरगोठ पूर्णरुपमा जलेर क्षति भएको सिंहले बताए। आगो नियन्त्रण गर्न सिम्रौनगढ नगरपालिका, गढीमाई नगरपालिका तथा देवताल गाउँपालिकाबाट आएको ३ वटा दमकल, सशस्त्र प्रहरी, प्रहरी, नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, स्थानीय जुटेका थिए। आगलागी पीडितलाई राहत उपलब्ध गराइने सिंहले जानकारी दिए।

# बागमती नदीको बाँध निरीक्षण

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटका सिडिओ धर्मेन्द्र कुमार मिश्रसहित स्थानीय प्रशासनको टोलीले मंगलबार बागमती नदीको बाँध निरीक्षण गरेको छ।



वर्षातको समयमा नागरिकको जनधन क्षति नहोस भन्ने उद्देश्यका साथ सिडियो मिश्रसहितको टोली स्थलगत निरीक्षणमा जुटेको हो। दुर्गा भगवती गाउँपालिका- ३ र ५ बडहरावा र मत्सरी गाउँ छेउ बागमती नदीको बाँध निरीक्षण गरिएको हो। बागमती नदीमा बाढीले डुबान, कटानसँगै हुने जोखिममा बच्न पूर्वतयारीस्वरूप निरीक्षण सुरू गरिएको सिडियो मिश्रले जानकारी दिए। निरीक्षणक्रममा केही स्थानमा कमजोर अथवा क्षतिग्रस्त बाँध मर्मत गर्न बागमती लालबकैया नदी नियन्त्रण कार्यालयका कर्मचारीला निर्देशन दिइएको थियो। बडहरवा घाटमा पुल निर्माणका लागि बागमती नदीको धार परिवर्तन गर्ने कार्य शिघ्र गराउन समेत निर्देशन दिइएको छ। निरीक्षणक्रममा दुर्गा भगवती गाउँपालिकाका अध्यक्ष शम्भू सिंहलगायतका जनप्रतिनिधिले जोखिम रहेको बागमती नदीको बाँधलगायत अन्य स्थानबारे जानकारी गराएका थिए। टोलीमा सिडिओ मिश्र, सशस्त्रका एसपी माधव रेग्मी, राष्ट्रिय अनुसन्धानका एसपी चन्दन कुमार झालगायतको सहभागिता थियो।






## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
अतिथिका रूपमा सम्मान प्राप्त हुन सक्छ। स्वास्थ्यमा ध्यान पुर्याउनुहोला।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
विभिन्न सहयोग र उपहार प्राप्त हुनेछन्। आयआर्जन पनि राम्रै हुनेछ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
साझेदारीमा पनि राम्रो फाइदा हुनेछ। आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा पनि बढी नै फाइदा हुने समय छ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
शुभचिन्तकहरूको सहयोग जुट्न सक्छ। अरूलाई प्रभावित पारेर काम बनाउने समय छ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
सामाजिक दायित्व बढ्नेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
परिस्थितिको चक्रमा अलमलिनुपर्ला। सामान्य काममा धन र श्रम खर्चनुपर्ला।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
विभिन्न अवसर प्राप्त हुनुका साथै कीर्तिमानी काम गर्ने समय छ। गोपनीयता बाहिरिनाले समस्या पर्नेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला। नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। शुभचिन्तकहरूको सहयोग जुट्न सक्छ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आम्दानी बढ्नेछ भने परिवारजनका आवश्यकता पूरा हुनेछन्। दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
गरिएका कामको राम्रै मूल्यांकन हुनेछ। भौतिक साधनसमेत जुट्नाले प्रसन्नता मिल्नेछ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# ई-रिक्सा दर्ता गराउन जनकपुरधामको आह्वान



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकामा ई-रिक्साको स्थायी व्यवस्थापन गर्ने भन्दै साउन मसान्तभित्रमा ई-रिक्सा दर्ता गराउन आह्वान गरेको छ। मंगलबार जनकपुरधाम उपमहानगरपालिकाले आयोजना गरेको बैठकबाट आगामी साउन मसान्तसम्ममा नगरभित्रका सम्पूर्ण ई-रिक्सालाई उपमहानगरको मातहतमा बिधिवतरुपमा दर्ता गराउनका लागि आह्वान गरेको छ।
बैठकबाट यस अवधिभित्रमा दर रेट निर्धारण, रूट निर्धारण, पार्किङ्ग निर्धारण, संख्या निर्धारण लगायतका सम्पूर्ण तयारी चुस्त बनाई साउन महिनादेखी पूर्ण व्यवस्थित गर्ने निर्णय भएको जनकपुरधाम उपमहानगरपालिकाका बरिष्ठ कर अधिकृत परमेश झाले जनाएका छन्। विद्युतिय रिक्सा दर्ता, अनुमति, नवीकरण तथा नियमण कार्यविधि २०७९ अनुसार उपप्रमुखको संयोजकत्वमा समिति गठन गरि चाँडै यसको व्यवस्थापन तर्फ लाग्ने जनाइएको छ।

# प्रचारप्रसार सामग्री हटाउँदै जनकपुरधाम



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम शहरलाई कुरूप हुनेगरी जथाभावी झुण्ड्याइएका प्रचारप्रसार सामग्रीहरु जनकपुरधाम उपमहानगरपालिकाले हटाउन थालेका छन्। उपमहानगरपालिकाको अनुमति बेगर विजुली पोल, भित्ता र विभिन्न स्थानमा लगाइएको प्रचारप्रसार सामग्री हटाउन थालेको हो।
नगरप्रमुख मनोजकुमार साहको आदेशमा जनकपुरधाम नगरीलाई कुरूप बनाउने गरी जथाभावी राखिएको प्रचार सामग्री हटाउने कार्य सुरू गरेको जनाइएको छ।
प्रचारप्रसारका लागि शहरका विभिन्न स्थानमा राखिएका होर्डिङबोर्ड, भित्तामा टाँसिएका पर्चा पम्प्लेट, भित्ते लेखनलगायतकाले जनकपुरधाम नगर नै कुरुप हुने गरी देखिएकाले प्रचार सामग्री हटाउने काम सुरू गरिएको नगरप्रमुख साहले बताए।
शहरको सौन्दर्यीकरण बिगार्नमा सबैभन्दा बढी भानुचोक, रामानन्द चोक, शिवचोक, जनकचोक, विद्यापति चोक, रेल्वेस्टेसन, क्याम्पस चोक, श्याम चोक, जिरोमाइल, बस स्टैण्डलगायतका स्थानमा विज्ञापनसहितका प्रचारप्रसार सामग्रीहरू अनुमति विना नै लगाएको जनकपुरधाम उपमहानगरले जनाएको छ। नगर प्रहरीले भित्तेलेखन, पोल, खम्बा र भित्तामा टाँसिएका पर्चा, पम्प्लेट, ब्यानरलगायत शहरलाई कुरूप बनाउने सामग्रीहरु हटाउन थालेको जनाएको छ।सार्वजनिकस्थान, छिमेकीलाई असर पर्ने गरी, घरको छत र झ्याल ढोका छोपेर विज्ञापन नराख्न कानूनी व्यवस्था छ। यी नियमलाई बेवास्ता गर्दै जनकपुरधाम नगरक्षेत्रभित्र राखिएका अधिकांश प्रचार सामग्री राखिएको छ।शहरभित्र सबैभन्दा बढी शैक्षिक संस्था र व्यक्तिगत संघसंस्था तथा धार्मिक पर्चा पम्पलेटलगायतका व्यक्तिगत शुभकामना पर्चाहरुका नाममा प्रचारप्रसारका बोर्डहरूसमेत जनकपुरधाम नगर भित्र यत्रतत्र रहेको छ। ऐनमा सडक विभाग तथा स्थानीय निकायको स्वीकृति प्राप्त नगरी कसैले सार्वजनिक सडकसँग जोडिनेगरी वा सीमाभित्रको जग्गा आवादी गर्न वा त्यस्तै अन्य कुनै कार्य गर्न नहुने सार्वजनिक सडक (दोस्रो संशोधन) २०४६ मा व्यवस्था छ।

# नेविसंघ धुनषाद्वारा क्षेत्रीय संयोजक चयन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली काँग्रेस निकट नेपाल विद्यार्थी संघ धनुषाले जिल्लाको चारवटै क्षेत्रको कमिटी गठनसँगै जिम्मेवारी बाँडफाँडसमेत गरेको छ।
नेविसंघ जिल्ला कार्य समिति धनुषाले चार क्षेत्रमा क्षेत्रीय समन्वय समिति र सोको संयोजकको जिम्मेवारी बाँडफाँड गरेको हो।
नेविसंघ धनुषाले धनुषाको निर्वाचन क्षेत्र नम्बर- १ को लागि विमल कुमार मोक्तान, क्षेत्र नम्बर- २ को लागि जयनाथ यादव, क्षेत्र नम्बर- ३ को लागि प्रदीप कुमार यादव (सिद्धार्थ) र क्षेत्र नम्बर- ४ मा भरत यादवलाई संयोजकको जिम्मेवारी तोकिएको छ।

# बेरिङसहित ट्याक्टर नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा प्रहरीले अवैध रुपमा भन्सार छली भित्र्याइएको विभिन्न किसिमका बेरिङसहित ट्याक्टर नियन्त्रणमा लिएको छ।
बिल बिजक भन्दा बढीको सामान आइसिपी गेट हुँदै वीरगंज आउदै गरेको सूचना पाएलगत्तै वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको प्रहरी टोलीले वीरगंज महानगरपालिका वडा नम्बर २५ चण्डालचोकस्थित सडकखण्डबाट बिआर ०५ जिए १९४६ नम्बरको भारतीय ट्याक्टरलाई नियन्त्रणमा लिएको हो।
प्रहरीले ट्याक्टर रोकी चेकजाँच गर्दा विभिन्न किसिमका बेरिङ फेला परेको र १८ लाख २२ हजार ३ सय ४७ रुपैयाँ बराबरको ट्याक्टर र ट्याक्टरमा लोड बेरिङ नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए। नियन्त्रणमा लिएको ट्याक्टर अनुसन्धान तथा आवश्यक कारबाहीका लागि मंगलबार राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको प्रहरी प्रवक्ता गिरीले बताए।

# कृषि औजार कारखानालाई २५ करोड आवश्यक



**मधेशदृष्टि**
**वीरगंज।**
तीन दशकदेखि बन्द कृषि औजार कारखाना सञ्चालनका लागि कम्तीमा २५ करोड रुपैयाँ आवश्यक हुने देखिएको छ। बजारमा प्रतिस्पर्धी भएर स्थापित हुन कारखानालाई २५ करोड चाहिने बताइएको हो।
कारखाना राष्ट्रिय आविष्कार केन्द्र मातहत गएको ७ महिना बितेको छ। असोज १० गते सरकारसँग सम्झौता गरेपछि कात्तिक १२ गतेदेखि आविष्कार केन्द्रले कारखाना मर्मत, सम्भार र सरसफाइ गरिरहेको छ। कारखानामा रहेका ६० वर्ष पुराना मेसिन मर्मतसम्भार गरी परीक्षण उत्पादन पनि सुरु नगरेको होइन। कारखानामा ५० लाख रुपैयाँ खर्च भइसकेको केन्द्रका प्रमुख महावीर पुनले बताए।
कारखाना मर्मत सम्भार र सरसफाइका लागि चार इन्जिनियरसहित १३ प्राविधिक खटिएका छन्।
'कारखाना अरू कुनै संस्थालाई दिएको भए १ अर्ब बजेटबिना सुरु हुने थिएन,' पुनले भने, 'यस्तो काम अरू कसैले लिँदैन, हामी त मूर्ख भएर मात्रै लिएको हौँ, अरूले करोडमा होइन अर्बमा बजेट छुट्याएको भए लिन्थ्यो होला तर सरकारले १ रुपैयाँ बजेट नछुट्याउँदा पनि हामीले जिम्मेवारी लिएर काम गरिरहेका छौँ।'
सरकारले कारखाना १० वर्षका लागि केन्द्रलाई दिएको हो। केन्द्रले कारखाना सञ्चालनको जिम्मेवारी लिएको ४ महिनादेखि नै साना औजारको परीक्षण उत्पादन सुरु गरेको छ। परीक्षणक्रममा कुटो, कोदालो, कैँची, बेल्चा, साबेललगायतका १०-१२ प्रकारका औजारको परीक्षण उत्पादन गरिसकेको बताइएको छ।

## एककरोड माग

वीरगंज भन्सार कार्यालय प्रमुख पदेन अध्यक्ष रहेको कृषि औजार कारखाना सञ्चालक समितिले सरकारसँग एक करोड रुपैयाँ बजेट माग गर्ने निर्णय गरेको छ। आइतबार बसेको समितिको बैठकले अहिलेसम्म भएको खर्च, विद्युत् जडान र सञ्चालन खर्चका लागि सरकारसँग माग गर्ने बजेटको खाका प्रस्तुत गरेको हो।
बैठकले ५०० केभीको विद्युत् प्रसारण लाइन जडान गर्न तथा सञ्चालन गर्दा भएको खर्चका लागि भनेर यो वर्ष १ करोड रुपैयाँ बजेट माग गर्ने निर्णय गरेको हो। केन्द्रले अहिलेसम्म ५० लाख रुपैयाँ खर्च गरिसकेको जनाएको छ। बैठकले पाँचसय केभीको विद्युत् प्रसारण लाइन जडान गर्न तथा सञ्चालन गर्दा भएको खर्चका लागि यो वर्ष १ करोड रुपैयाँ बजेट माग गर्ने निर्णय गरेको हो।

## २५ करोड जरुरी

कारखाना पूर्णरूपमा सञ्चालन गरेर आधुनिक कृषि औजार उत्पादन गर्न सरकारले २० देखि २५ करोड रुपैयाँ लगानी गर्नुपर्ने आविष्कार केन्द्रले जनाएको छ। 'सरकारले २० देखि २५ करोड रुपैयाँ लगानी गर्नुपर्छ,' पुनले भने, 'आधुनिक मेसिन थपिएन भने कारखाना नाफामा जाँदैन, पुरानो प्रविधिले उत्पादन भएको सामानले बजारमा प्रतिस्पर्धा गर्न सक्दैन।'
कारखाना सङ्घीय सरकार मातहत भए पनि मधेश प्रदेश र वीरगंज महानगरलाई आर्थिक रूपमा समृद्ध बनाउन महत्वपूर्ण उद्योग हुने बताइएको छ।

## सहयोग गर्न तयार छौँ

वीरगंज महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले राष्ट्रिय आविष्कार केन्द्रबाट प्रस्ताव आए केन्द्रलाई सहयोग गर्न तयार रहेको बताएका छन्। 'हामीसँग उनहरूको अपेक्षा के छ, के सहयोग गरिदिए हुन्थ्यो भन्ने छ ? सोअनुसारको प्रस्ताव आयो भने हामी सहयोग गर्न तयार छौँ,' प्रमुख प्रशासकीय अधिकृत पौडेलले भने, 'जनार्दन शर्मा अर्थमन्त्री हुँदा सरकारले कारखाना सञ्चालनमा २५ करोड रुपैयाँ सहयोग गर्ने भन्ने सुनेको थिएँ तर सरकारले के कति सहयोग गर्‍यो, जानकारी छैन तर पनि हामीले उनीहरूबाट केही प्रस्ताव आए, सहयोग गर्थ्यौँ।'

# मधेश प्रदेशमा हरेक वडामा किसानलाई कृषि तालिम




**मधेशदृष्टि**
**जनकपुरधाम।**
कृषि व्यवसाय तर्फ रुची हटेपछि वैदेशिक रोजगारका लागि यूवाहरु गईरहेको समयमा मधेश प्रदेश सरकारले भने कृषिलाई आधार बनाएर विभिन्न खाले कार्यक्रमहरु सार्वजनिक गरेका छन्। भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री बसन्त कुशवाहाले मधेश प्रदेशको हरेक वडाका किसानलाई कृषि तालिम दिने योजना सार्वजनिक गरेका छन्।
शआगामी आर्थिक बर्ष ०८०/०८१ का लागि मधेश प्रदेशको १२ सय ७० वडाका किसानहरुलाई अन्नवाली, सागसब्जी, दुधजन्य पदार्थको उत्पादन सम्बन्धी तालिम दिने योजना सार्वजनिक गरेका हुन्।यसका लागि किसानहरुले आवश्यक पर्ने तालिम सम्बन्धी पनि सरसल्लाह दिन कृषि मन्त्री कुशवाहाले आग्रह गरेका छन्। मधेश प्रदेशको ८ वटै जिल्लाका हरेक वडाबाट कम्तीमा ४/४ जना किसानलाई सहभागी गराई उत्तम उब्जनीका लागि अग्रसर गर्ने लक्ष्य रहेको मन्त्री कुशवाहाको रहेको छ।
मधेश प्रदेश भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतका कृषि ब्यवसाय तालिम केन्द्रबाट जैबिक/ प्रारंगिक मल उत्पादन तालिम, कृषि बिषादी बिक्रेता तालिम, विउविजन बिक्रेता तालिम, चक्लाबन्दी खेती कार्यक्रम संचालन तालिम, आर्थिक अवस्था अभिबृद्धि तालिम, बिषादी प्रयोग सचेतना तालिम, विउविजन सम्बन्धी क्षमता अभिवृद्धि तालिम, कृषि यन्त्र संचालन एवं मर्मत संभार तालिम, कृषि, पशुपंक्षी तथा मत्स्य क्षतिमूल्यांकन कर्ता तालिम, खाद्य स्वच्छता तथा खाद्य प्रशोधन तालिम, बिदेशबाट फर्किएका तथा विपन्न वर्गका युवाहरूलाई व्यवसायिक तरकारी खेती प्रवर्द्धन तालिम, तरकारी तथा फलफुल पोष्ट हार्भेष्ट तथा प्रशोधन प्रबिधि तालिम, माटो जाँच तथा मलखाद प्रयोग सम्बन्धी तालिम, कृषि बिमा तालिम र सिचाई ब्यवस्थापन तालिम रहेको भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ।

# सडक सुरक्षा सम्बन्धी विद्यार्थीलाई प्रशिक्षण



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सडक सुरक्षा सप्ताहको दोस्रो दिन मंगलबार सामुदायिक तथा नीजि विद्यालयका विद्यार्थीहरुलाई जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले ट्राफिक सेचतना सम्बन्धी जनचेतनामूलक प्रशिक्षण दिएको छ।सातौँ अन्तर्राष्ट्रिय सडक सुरक्षा सप्ताह कार्यक्रमअन्तर्गत धनुषा ट्राफिक प्रहरी मातहतका कार्यालय/पोष्टहरुले विभिन्न विद्यालयहरुमा अध्ययनरत्त छात्र/छात्रालाई ट्राफिक नियम तथा सवारी दुर्घटना न्युनिकरण सम्बन्धी प्रशिक्षण दिएको हो। उच्च मा.वि. मुलावारी धारापानी, डेफोडिल्स ईङलिश बोर्डिङ्ग स्कुल, माध्यमिक विद्यालय हनुमाननगर, एडभान्स एकेडेमी धनुषाधाम, जनता उच्च मावि लक्ष्मिनिया, महेन्द्र मावि ढल्केवर, सरस्वती मावि सवैला, सर्वोदय ईङलिश बोर्डिङ्ग स्कुल जनकपुरधाम, श्री सेकेण्ड्री स्कुल सोहनी मुजेलिया, सरस्वती मावि जनकपुरधाम, जानकी मा.वि.रामानन्द चोक, हिमालय ईङ्गलिश बोर्डिङ्ग स्कुल जनकपुरधाम, गरी ११ वटा विद्यालयमा अध्ययनरत्त १ हजार २१० जना छात्र/छात्राहरुलाई ट्राफिक नियम तथा सवारी दुर्घटना न्युनिकरण सम्बन्धी प्रशिक्षण दिइएको धनुषाका ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक शेखर साहले जनाएका छन्।
यस प्रशिक्षण कार्यक्रममा कक्षा ६ देखि कक्षा १० सम्मका छात्र तथा छात्रालाई सहभागी गराइएको थियो।सडक सुरक्षा सप्ताहअन्तर्गत १ हजार थान पर्चा पम्पलेट वितरण गर्नुका साथै सवारी साधनहरुमा ४५० थान रिफ्लेक्टिभ स्टिकरसमेत टाँस गरिएको ट्राफिक प्रहरी प्रमुख साहले बताए।
सोमबारदेखि सुरु भएको सडक सुरक्षा सप्ताहको तेस्रो दिन बुधबार जथाभावी बाटो काट्ने, हेल्मेटको बेल्ट नलगाउने, ट्राफिक नियमको पालना नगर्नेलगायतका विषयमा मुख्य मुख्य चोकहरुमा सचेतना कार्यक्रमको आयोजना गरिने कार्यक्रम रहेको उनले बताए।

## सम्पादकीय

# कतै कुहियो कतै पाइएन

मधेश प्रदेशको बारा र रौतहटका राष्ट्रिय वन र सामुदायिक वनका काठ काटेको लामो समय हुँदा पनि लिलाम हुन सकेको छैन । बारामा काटिएको काठ त ठेकेदारले नै लिन मानेका छैनन् भने रौतहटमा उपभोक्ताले वनको काठ माग्दा प्रदेश सरकारको नियमावली आउन ढिलाइ हुँदा समस्या भएको छ। काटिएको काठ चैँ दुई वर्षदेखि घाटगद्दीमै थुप्रिएको छ। बारामा तराई काठमाडौँ द्रुतमार्ग आयोजना निर्माण हातामा काटिएका रुख लिलाम नहुँदा समस्या भएको हो। काटिएका काठ कुहिएर गएको छ। सेनाले बाराको निजगढका विभिन्न समुदायिक वन समूह हातामा काटेको काठ कुहिन लागेको हो । आर्थिक वर्ष २०७४/७५ मा निजगढ नगरपालिकाभित्रका कच्छडिया, जनहित, बाघभैरव, बकैया नागमणि सामुदायिक वन र राष्ट्रिय वन क्षेत्रमा बाटोमा परेका रुख कटान भएका थिए। त्यही रुख लिलाम हुन सकेन। स्थानीय सामुदायिक वनहरुले यसको दोष सेनालाई नै दिइएका छन्। सेनाले आफूखुसी बेसाइजमा रुख काट्दा उपभोक्ताको रोजाइमा पनि परेन र ठेकेदारको रुचीमा पनि रहेन।

द्रुतमार्ग निर्माणको जिम्मा पाएको सेनाले सर्वसाधारणलाई चाहिने ७ देखि ९ फिट लम्बाइका काठ काट्न ध्यान नपुऱ्याउँदा सामुदायिक वनका काठ जनताले पनि नरुचाएका हुन् । सेनाले ७ फिट देखि १७ फिटसम्मका साइजमा रुख कटान गरेको पाइएको छ। एकातिर उपभोक्ताले पनि काठ लिन मानेनन्, अर्कातिर ठेकेदारले पनि लिलाम सकार्न तयार भएनन् । बेसाइजका काठ लिलाम हुन नसकेका कारण सामुदायिक वनहरुको आम्दानी घटेको छ । ठूलो राजस्व गुम्ने अवस्था छ। पटकपटक ठेक्का आव्हान गर्दा पनि ठेकेदारले काठ नलिएपछि घाटगद्दीमा कुहिने अवस्थामा पुगेको हो । सेनाले द्रुतमार्गमा परेका १२ हजार ४ सय ५७ रुखमध्ये ५ हजार ४५ रुख काटिसकेको छ। अर्को प्राविधिक त्रुटि के पनि छ भने सेनाले काटेको रुखका काठको साइजमा लिलाम गर्न पनि नसकिने वन ऐनमा उल्लेख छ।

त्यसकारण पनि काठ लिलामीमा समस्या देखिएको छ। यसो हुँदा करोडौँको काठ कुहिएर बसेको अवस्था छ । अर्कातिर विदेशबाट आल्मुनियम भित्रिरहेको छ । यसले देशको रकम बाहिरिएको छ।

उता रौतहटमा भने कानुन ढिलो बन्दा समस्या भएको छ। नेपाल विद्युत् प्राधिकरणले ४ सय केभी प्रसारण लाइनको टावर निर्माण गर्दा काटेको काठ दाउरा दुई वर्षदेखि लिलाम हुन नसकेको हो । रौतहटको जंगलमा एक लाख क्युफिट साल र कुकाठ तथा ८ सय चट्टा दाउरा कुहिने अवस्थामा पुगेको छ। अघिल्लो वर्ष असोज १५ गते प्रदेश सरकारबाट वन नियमावली आएको छ । वन नियमावली आउन ढिलाइ भएका कारण काठ लिलामी पक्रिया अघि नबढेको हो । १ हजार ९ सय उपभोक्ताले घरायसी प्रयोजनका लागि विभिन्न जातको काठ माग्दै समितिमा निवेदन पनि दिए तर नियमावलीले काठ बेच्न नदिएपछि उपभोक्ता समस्यामा परे । काठ जंगलमै थन्किएको छ। राष्ट्रिय सम्पत्ति लिलाम नहुँदा राजस्व संकलनमा समस्या भएको छ। देश आर्थिक संकटमा रहँदा राजस्व उठाउने विषय सबैको चासो हुनुपर्छ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# शिक्षामा अभिभावकको बहुआयामिक लगानीको प्रश्न

*हरेक समाजका आफ्ना विशिष्टता हुन्छन्। बाहिरबाट देखिने र भोगिने संस्कृतिको अन्तर्य हुन्छन्। समाज र सामाजिक सदस्यप्रतिको हार्दिकता हुन्छ। समभाव तथा सद्भावले सामाजिक एकताको जगलाई बलियो बनाएको हुन्छ। पारस्परिक सहयोग र मेलमिलापको वातावरणले समाजलाई सजीव बनाएको हुन्छ। अर्मपर्म, पालापैँचो, सेवा र दयाको भावनाको विकास समाजमा बसेर नै प्राप्त गर्न सकिने विषयवस्तु हुन्। एकले अर्कालाई वास्तविक अर्थमा समाजका व्यवहार गरेर नै सिक्ने हो।*



● सञ्जय साह मित्र

आर्थिक लगानीको दृष्टिकोणले अहिलेको शिक्षामा दुई किसिमको प्रवृत्ति रहेका छन् । अभिभावकले बालबालिकाको विद्यालयीय शिक्षामा लगानी गर्दै नगर्ने र शिक्षामा सम्पूर्ण लगानी अभिभावकले नै गर्ने । सामुदायिक विद्यालयमा छोराछोरीलाई पढाउने अभिभावकले बालबालिकाको शिक्षामा आर्थिक लगानी गर्नु नपरिरहेको वा गर्न नचाहिरहेको वर्तमान एकातिर छ भने अर्कोतिर अभिभावककै सम्पूर्ण आर्थिक लगानीमा पढिरहेका बालबालिकाहरु पनि छन्। हुन त कतिपय सामुदायिक विद्यालयमा अंग्रेजी धारको पठनपाठनको सुरुआत गरी त्यसमा अभिभावकबाट पनि रकम उठाउने आर्थिक लगानीको सुरुआत भएको छ तर यो निकै विवादास्पद देखिएको छ। यस प्रकारको लगानी मुख्य सहरी क्षेत्रमा लागू गर्न केही सहज भए पनि ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयमा भने अभिभावकले अंग्रेजी माध्यमको धारमा पनि लगानी गर्न नचाहिरहेको वा नसकिरहेको यथार्थ अवस्था छ। शिक्षामा प्रत्यक्ष आर्थिक लगानी गर्ने अभिभावकले तुलनात्मक रुपमा प्रत्यक्ष आर्थिक लगानी नगर्ने अभिभावकभन्दा बढी आफ्ना सन्तानको शिक्षाप्रति गम्भीर हुने गरेकोविश्लेषण पाइएको छ । यथार्थता आफ्नै ठाउँमा होला तर ठम्याइको एउटा मापनको रुपमा विश्लेषण गरिएको हुनुपर्छ।

शिक्षामा अभिभावकको लगानी आर्थिक रुपमा मात्र हुने कि बहुआयामिक लगानी हुनुपर्ने भन्ने प्रश्न उठ्न थालेको छ। यसबाट यो कुरा स्पष्ट हुन आउँछ कि आर्थिक लगानी विशेष पाटो हो, यसको महत्व धेरै छ तर आर्थिक बाहेक अभिभावकले गर्नुपर्ने लगानीका अन्य पक्षहरु पनि रहेका छन्। आर्थिक लगानी मात्र गर्न चाहने अभिभावकले आफ्ना सन्तानलाई सोझै विद्यालयको छात्रावास आ अन्य स्वतन्त्र छात्रावासमा राखेर जिम्मेवारी पूरा गरेको पाइएको छ । छात्रावासमा सबै सुविधा पाइने तथा सबै सुविधाको मूल्य तिरेपछि बालबालिकाले राम्ररी पढ्न पाउने मनोविज्ञान एकातिर रहेको पाइएको छ । हुन त छात्रावासमा राख्नै नपर्ने होइन, छात्रावासमा धेरै बालबालिकाले राम्रो गरेका छन् । छात्रावासले बालबालिकाको चौतर्फी विकासमा सहयोग पुऱ्याएको पनि भनिएको छ तर नयाँ अध्ययनले छात्रावासको विकल्प खोज्नुपर्ने बताएको छ । हाललाई यो सम्भव पनि नहोला तर विशेष अवस्थामा बाहेक बालबालिकालाई आफ्ना मातापितासित राखेर शिक्षार्जन गराउँदा बालबालिकामा सामाजिकीकरण बढी हुने बताइएको छ । अझ कम उमेरका बालबालिकालाई अभिभावकभन्दा टाढा राखेर पढाउँदा बसेको ठाउँको वातावरण र बालबालिकाको प्रतिभा दुवै कारणले शैक्षिक विकास त राम्रो भएको पाइएको छ तर सामाजिकीकरण र अन्य विकासमा भने अपेक्षित परिणाम कमै आएको पाइएको छ। मातापिता बसेको समाज एकातिर र बालबालिकाका हुर्किसकेपछि तिनको चिन्तन र व्यवहार अर्कोतिर हुन थालेको अर्थात् मातापितादेखि टाढा बसेर हुर्केका बालबालिकामा सामाजिकीकरणमा केही समस्या देखिन सुरु भइसकेको छ। छात्रावासमा बसेर पढेर जागिर पाएका अधिकांश शिक्षित व्यक्ति आफ्नो गाउँमाभन्दा पुरानो थातथलो छाडेर सहरमा नै बसाइँ सर्न चाहन्छन्। छात्रावासमा बसेर पढेका वा सहरमा डेरा लिएर बसेर पढेका बालबालिका केही गरी गाउँमा बस्नु पऱ्यो भने खेतीपातीको ज्ञान नहुने तथा कृषिकर्मतिर ध्यान नै दिन नपाउने भएको पाइएको छ।

सामान्यतया गाउँभन्दा सहर बजारको विद्यालयमा शिक्षाको स्तर राम्रो रहेको मानिन्छ । यसले गर्दा मध्यम वर्गले पनि आफ्ना बालबालिकालाई सम्भव भएसम्म सहर बजारमा नै राखेर विद्यालयीय शिक्षा दिलाउन चाहने प्रवृत्ति बढेको छ। अहिलेको अवस्था यस्तो रहेको छ कि बालबालिकालाई पढाउन पनि अभिभावकमध्ये एक जना कोही बजारमा डेरा लिएर बालबालिकासित बस्ने गरेका छन्, यदि बालबालिका साना छन् भने। अनि सानैमा गाउँघर छाडेर बाहिर बस्न थालेपछि र तिनका साथमा एक जना अभिभावक पनि बजारमै डेरा गरी रेखदेख गर्न बस्न थालेपछि ग्रामीण क्षेत्रमा भविष्यमा जनशक्तिको अभाव थप चर्किने र गाउँबाट सहरतिर पलायन हुने क्रम झन् बढ्ने अर्थात् कालान्तरमा ग्रामीण र सहरी क्षेत्रको सन्तुलन झन् बढी प्रभावित हुने सम्भावनालाई संकेत गरेको छ। गाउँभन्दा सहरमा आर्थिक कारोबार बढी हुन्छ, गाउँको तुलनामा सहर बजारको अर्थतन्त्र बढी चलायमान हुन्छ, हरेक मानिस पैसाले कुनै सामान किनबेच गरिरहेको हुन्छ, वस्तु विनिमय करिब हुँदै हुँदैन।यस प्रकारले दीक्षित बालबालिकामा पदीय तथा आर्थिक उन्नतिलाई अत्यधिक महत्व दिने प्रवृत्तिको विकास बढी हुन्छ। सामाजिकीकरणको अभाव भएको हुँदा व्यक्तिवादी बढी बन्ने खतरा रहन्छ। समुदाय तथा समाजप्रति कम उत्तरदायी हुने वा समाजको मूल धारमा समाहित हुन नचाहने प्रवृत्तिको विकास बढी हुने सम्भावना रहन्छ । वास्तवमा शिक्षाले सबै क्षेत्रको विकास गर्नुपर्नेमा आफ्नो गाउँघरको वातावरण छाडेर सहर बजारतिर छात्रावास वा डेरामा बसेर पढ्ने बालबालिकामा आफ्नो सामाजिक वातावरण, संस्कृति, भाषा तथा जीवनशैली र लोककलाको बारेमा न कुनै चासो हुन पाउँछ र न त कुनै जानकारी नै। यसरी बालबालिका एकाकी हुन गई आफूलाई नै बिर्सने डर हुन थाल्छ।

शिक्षा शब्दले पढाइको अर्थ मात्र नदिएर सिक्नु र सिकाउनु दुवै भावलाई आफूमा समेटेको हुन्छ । यसैले शिक्षालाई व्यक्तिमा अन्तर्निहित क्षमता तथा उसको व्यक्तित्वको विकास गर्ने प्रक्रियालाई भनिएको पाइन्छ। यस प्रक्रियाले उसलाई समाजमा एक वयस्क व्यक्तिको रुपमा निर्वाह गर्नुपर्ने भूमिकाको लागि तयार पार्ने अर्थात् समाजीकृत गर्ने काम गर्दछ । शिक्षाले व्यक्तिलाई समाजको एक सदस्य एवं जिम्मेवार नागरिक बन्नको लागि आवश्यक ज्ञान र कौशल अर्थात् सीप प्रदान गर्दछ भन्ने गरिएको छ । शिक्षाद्वारा बालबालिकाले समाजको आधारभूत नियम, व्यवस्था तथा समाजको आदर्श तथा मूल्यहरुलाई पनि चिन्दछन् र सिक्दछन्। वास्तवमा शिक्षाले बालबालिकालाई सामाजिक प्राणी बनाउने काम गर्दछ। बालबालिका समाजसित तब मात्र राम्ररी जोडिन सक्छन् जब उसलाई आफ्नो समाजको इतिहास तथा वर्तमानको राम्ररी ज्ञान हुन्छ। यसैले यो पनि भनिन्छ कि शिक्षामा ज्ञान, उचित आचरण तथा प्राविधिक दक्षता, शिक्षण र विद्या प्राप्ति आदि स्वतः समाविष्ट हुन्छन् । समाजपरक सीप, व्यवसाय तथा मानसिक, नैतिक र सौन्दर्यपरक विषयलाई उत्कर्षमा राखेर मानिसको व्यक्तिगत, सामाजिक र राष्ट्रिय विकास गर्ने उद्देश्य शिक्षामा हुनैपर्छ। यससँगै व्यक्तित्व विकास, समाजको लागि सेवा, राष्ट्रनिर्माण, अर्थव्यवस्थाको विकास र देशको स्वतन्त्रता तथा संरक्षणलाई पनि शिक्षाको मूल उद्देश्यमा लिइएको पाइन्छ। यदि शिक्षाले व्यक्तिलाई समाजबाट अलग, एकांकी र नितान्त व्यक्तिवादी बनाउँछ भने शिक्षाको संस्कृति वा पद्धतिमा नै कमजोरी रहेको मान्न सकिन्छ।

वर्तमान अवस्थामा कतिपय अभिभावकको दृष्टिमा उत्कृष्ट शिक्षित त्यो हो जो रोजगारीको बजारमा छिटो समाविष्ट हुन्छ। समाज र शिक्षाको सम्बन्ध, शिक्षा र संस्कृतिको सम्बन्ध, शिक्षा र संस्कारको सम्बन्ध, भाषा र शिक्षाको सम्बन्ध जस्ता विषय र पक्षमा सोच्ने फुर्सद कसैलाई छैन । अभिभावकको ध्यान शिक्षामा बहुआयामिक लगानी गर्ने किसिमले हुनुभन्दा बजारमा एकोहोरो बढी मूल्यको नाममा बढी तलबमा बिक्री हुने सामग्रीको रुपमा बालबालिकामा लगानी गर्ने मनोविज्ञानको विकास भएको छ । यसकारण स्तरीय शिक्षाको नाममा अभिभावकले सोझै बढी पैसा आर्जन गर्ने क्षेत्रको निर्धारण गरेर त्यही विषयको पढाइमा अत्यधिक जोड दिएको पाइएको छ। सक्षम अभिभावकले स्वदेशदेखि विदेशसम्म आफ्ना सन्तानलाई बढी खर्च गरेर पढाउनमा आफूलाई ठूलो सफलता हात लागेको भनेर गौरवबोध गरेको वर्तमान छ । यसले गर्दा शिक्षाको लागि भनेर विदेश पलायनको प्रवृत्ति अत्यधिक बढेको छ र शिक्षार्जनकै लागि विदेश गएका विद्यार्थीमध्ये कति प्रतिशत स्वदेश फिर्ती भइरहेका छन् ? यसबारे खासै कोही चिन्तित रहेको पाइएको छैन । जो फर्केर आउँछन्, उनलाई त्यहाँ बिक्न नसकेको त्यसैले टिक्न नसकेको भनेर खिसीट्युरी गरी होच्याउने नकारात्मक प्रवृत्ति पनि समाजमा रहेको छ । शिक्षार्थ विदेश गएर सेवार्थ स्वदेश फर्किनेहरुमध्ये पनि केहीमा आत्मग्लानीको अंश नपाइएको होइन । र, परदेश गएर उतै सेटल हुनेप्रति समाजमा अलग्गै सम्मानको भाव उब्जिएको पनि नदेखिएको होइन। यसै गरी स्वदेशमै रोजगारी वा व्यवसाय वा अन्य कुनै कारणले आर्थिक उन्नति धेरै गरेको मानिसको हुने बोलवालाले पनि आर्थिक प्रगतिलाई नै जीवनको उद्देश्य मान्ने प्रवृत्ति हावी हुँदै गएको हो । यही कारणले पनि अभिभावकहरुले बालबालिकालाई आफूसित राखेर जीवनको मूल्य सिकाउने बहुआयामिक लगानीभन्दा आर्थिक लगानीमा महँगो शिक्षासित जोडिन चाहेका हुन्।

हरेक समाजका आफ्ना विशिष्टता हुन्छन्। बाहिरबाट देखिने र भोगिने संस्कृतिको अन्तर्य हुन्छन्। समाज र सामाजिक सदस्यप्रतिको हार्दिकता हुन्छ । समभाव तथा सद्भावले सामाजिक एकताको जगलाई बलियो बनाएको हुन्छ। पारस्परिक सहयोग र मेलमिलापको वातावरणले समाजलाई सजीव बनाएको हुन्छ । अर्मपर्म, पालापैँचो, सेवा र दयाको भावनाको विकास समाजमा बसेर नै प्राप्त गर्न सकिने विषयवस्तु हुन्। एकले अर्कालाई वास्तविक अर्थमा समाजका व्यवहार गरेर नै सिक्ने हो । व्यवहार गर्न समाजको अंग बन्नुपर्छ । समाजबाट अलग्गिएर शिक्षामा केवल आर्थिक लगानीको प्रवृत्ति बढ्दै जाँदा समाजका धेरै मूल्य र मान्यताहरु, सांस्कृतिक धरोहरको जग कमजोर बन्दै गएको सबैले महसुस गरेकै छन् । संस्कृतिलाई जोगाउने चुनौती आज ठूलो चुनौती बनेर उभिएको छ। यसमा शिक्षाको योगदान पनि विशिष्ट रहेको भनिँदैछ। वास्तवमा यो आरोप हो र यस आरोपमा के कति सत्यता छ भन्ने कुरो सबैले राम्ररी बुझेका छन् । शिक्षाले त संस्कृतिको रक्षा गर्नुपर्ने हो, संस्कृतिलाई पहिचान दिनुपर्ने हो, संस्कृतिभित्रको विकृतिलाई हटाउँदै संस्कृतिलाई अझ सुसंस्कृस्त बनाउनु पर्ने हो, हरेकमा आफ्नो संस्कृतिको गौरवबोध गराउनु पर्ने हो, संस्कृतिप्रति सम्मान जगाउनु पर्ने हो तर यस प्रकारको प्रतिफल शिक्षाले देखाउन अलिक नसकेको हो कि ?शिक्षा र चेतनाको विकासले बहुआयामिक सार्थक प्रतिफल दिन अझै नसकेको हो कि ?

आज यस्ता अभिभावक पनि पाइएका छन् जो आफ्ना सन्तानलाई आफूभन्दा टाढा राखेर जीवनभर उपार्जन गरेको अर्थ शिक्षामा लगानी गरेका छन् । जीवनको उत्तरार्धमा अहिले सन्तान परदेशमा आफ्नो परिवार बसाइसकेका छन् जहाँ आफूलाई एक दुई महिना बस्न पनि असम्भव लाग्छ । सन्तानहरुले विदेशमा राम्रो सम्मान र अर्थ आर्जन त गरेका छन् तर त्यसले आफूलाई कुनै मानेमा पनि सुखी र खुसी तुल्याउन सकेको छैन र समाजलाई पनि कुनै फाइदा दिन सकेको छैन । यहीँनेर अभिभावकले बालबालिकामा आर्थिक लगानीका साथसाथै बौद्धिक, मानसिक, पारिवारिक र सांस्कृतिक लगानी पनि गर्नुपरेको छ जस्तो लाग्न थालेको छ। जसरी पनि समय निकालेर विद्यालय वा क्याम्पस पढिरहेको सन्तानसित दुःखसुख साट्नु परेको छ। हरेक चाडपर्व एकसाथ बसेर मिलेर मनाउनु परेको छ । परिवार तथा समाजमा हुने धार्मिक तथा सांस्कृतिक समारोह वा उत्सवहरुमा सहभागी गराएर कुनै भूमिका दिनुपरेको छ । संस्कृतिमा सन्तानले आफ्ना पितापुर्खाको अनुहार देख्नु परेको छ र पिताले पनि सन्तानमा संस्कृतिप्रतिको रुचिमा आफ्नो अनुहार देख्नु परेको छ ।आफ्नो समाजको अनुहार सन्तानरुपी ऐनामा देखिनुपरेको छ र यहाँबाट नै समृद्धिको सपना देख्नु परेको छ । हरेक मामिलामा विदेश पलायन गराएर समाज र देशको समृद्धिको सपना साकार हुन सक्दैन। आफ्नो सन्तानलाई बाहिर पठाएर समाजलाई सुधार्ने कोही भएन भन्दै समाजलाई गाली गर्नुको कुनै अर्थ रहँदैन । सपना साकार पार्न आफ्नै धरातलमा टेकेर आफ्नो प्रगतिको प्रतिनिधि सन्तानलाई बनाउनु परेको छ। अनि त शिक्षाले बहुआयामिक प्रतिफल दिएको मान्न सकिन्छ । र, सही अर्थमा शिक्षाले सार्थकता पाएको मान्न सकिन्छ। शिक्षित व्यक्तिले आफ्नो समाजको रीति, संस्कृति, आदर्श, मूल्य, मान्यता र अन्य विविध पक्षप्रति आफूलाई जिम्मेवार मान्नै पर्दछ।

● ● ●

# ‘आफू शोकेशको मान्छे जस्तो अनुभूति भयो’



**रासस**
**काठमाडौँ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले संसद र सदन अरुले नै चलाउने अनुभूति आफूले गरेको बताएका छन्।
मंगलबार संघीय संसद अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सिंहदरबारमा बसेको बैठकमा बोल्दै उनले आफूले मन्त्रीको रुपमा सो अनुभूति गरेको बताए। मन्त्री किरातीले मन्त्री अरुले नै चलाउने भन्दै आफूलाई ‘शोकेसको मान्छे’ जस्तो भएर बस्नु परेको गुनासो समेत गरे।
उनले पर्यटन क्षेत्रमा धेरै ऐन बदल्नु पर्ने आवश्यकता रहेको बताए। त्यसमा सहयोग गर्न संघीय संसद र सांसदहरुलाई उनले आग्रह गरे।
संसदमा बल दिएमात्रै आफूहरुले केही गर्न सक्ने अवस्था रहेको मन्त्री किरातीको भनाइ छ।मन्त्री किरातीले हवाई उडानको सुरक्षाका लागि आवश्यक विधेयक तत्काल मन्त्रिपरिषद्बाट पास गराएर संसदमा पेश गर्ने उनको प्रतिवद्धता छ। यसलाई छिटो पास गरिदिन पनि सांसदको ध्यानाकर्षण गराए। मन्त्री किरातीले नेपालजस्तो सानो देशका लागि धेरै विमानस्थलहरु आवश्यक नभएको समेत तर्क गरे।

# काम बढी भएका मन्त्रालयमा बजेट कम

“बालबालिका पोषण कार्यक्रममा एकरुपता ल्याउनुपर्ने, एकल महिलाको अध्ययन गरी रोजगारीमा उन्मुख गराउनुपर्ने, दोहोरो सुविधा नलिने गरी वृद्धभत्तामा हेरफेर गर्नुपर्ने।”



**रासस**
**काठमाडौँ।**
महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले काम बढी हुने क्षेत्रमा बजेट कम विनियोजन हुने गरेको गुनासो गरेका छन्।
महिला तथा सामाजिक मामिला समितिको मंगलबार बसेको पहिलो बैठकमा मन्त्री आर्चायले भने, ‘मन्त्रालय अन्तर्गत गर्नुपर्ने काम धेरै छन् तर बजेट भने न्यून विनियोजन हुने गरेको छ। मानवीय संवेदनशीलताको कार्यक्षेत्र बढी भएको मन्त्रालयमा बजेट बढाउन जरुरी छ।’
विगतमा समितिले गरेका निर्णय अध्ययन गरी प्राथमिकताका क्षेत्र विभाजन गर्दै कार्यान्वयन गर्नुपर्ने भन्दै उहाँले संविधानमा उल्लेखित महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी हकअधिकारलाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिए। बैठकमा समिति सदस्यहरुले महिला, बालबालिका, ज्येष्ठ नागरिकका मौलिक हकको कार्यान्वयन गर्नुपर्ने, सम्बन्धित आयोगका कार्यको मूल्याङ्कन गर्नुपर्नेमा जोड दिए।
साथै मंगलबारको बैठकमा बालबालिका पोषण कार्यक्रममा एकरुपता ल्याउनुपर्ने, एकल महिलाको अध्ययन गरी रोजगारीमा उन्मुख गराउनुपर्ने, दोहोरो सुविधा नलिने गरी वृद्धभत्तामा हेरफेर गर्नुपर्ने, समितिका निर्णयलाई कार्यन्वयन गरी नतिजामुखी बनाउनुपर्ने लगायतका विषयमाथि छलफल भएको थियो।
ज्येष्ठ सदस्य रोशन कार्कीको सभापतित्वमा सञ्चालन भएको बैठक महिला आयोग, दलित आयोग, समावेशी आयोगका भएका कामकारबाहीको समीक्षा, खर्च गरिएका विवरण, भावी कार्यक्रमको सम्भावित बजेटलगायतका विषयमा केन्द्रित थियो।
समितिको कार्यक्षेत्रमा महिला, बालबालिक, तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग, सामाजिक सुरक्षा, समावेशीता तथा सीमान्तकृत वर्ग समुदायको हकहितसम्बन्धी विषय र सम्बद्ध विषय तथा निकाय पर्छन।

# बैंक दर घटे पनि अल्पकालीन ब्याजदरमा देखिएन प्रभाव




*३६४ दिन अवधिको ट्रेजरी बिलको डिस्काउन्ट रेट ८.९८५२ प्रतिशत कायम भएको छ। २६ वैशाखमा ९.२२७८ प्रतिशत रहेकोमा सोमबार समान्य घटेको हो। राष्ट्र बैंकको ३० वैशाखको तथ्यांक अनुसार बैंक तथा वित्तीय संस्थाको औसत कर्जा निक्षेप अनुपात ८५.०४ प्रतिशत छ। बैंकहरुमा सामान्य प्रकृतिको तरलता कमी भएर राष्ट्र बैंकसँग सापट लिनुपर्ने अवस्था छैन। ३१ वैशाखको तथ्यांक अनुसार १ करोड ७० लाख रुपैयाँ मात्रै एसएलएफ सुविधा बैंकहरुले लिएका छन्।*

**रासस**
**काठमाडौँ।**
नेपाल राष्ट्र बैंकले बैंकदर घटाउने निर्णय गरेपनि अल्पकालीन ब्याजदर (ट्रेजरी बिलको डिस्काउन्ट रेट) मा भने त्यसको प्रभाव देखिएन। गत शुक्रबार राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा मार्फत बैंकदर १ प्रतिशत विन्दुले घटाउने निर्णय गरेको थियो।
८.५ प्रतिशत रहेको बैंकदरलाई ७.५ प्रतिशतमा झार्ने निर्णय गर्दै मुद्रास्फीति लक्षित सीमाभन्दा माथि रहेकोले नीतिगत दर यथावत राख्ने निर्णय गरेको थियो। दोहोरो अंकमा रहेको अल्पकालीन ब्याजदर राष्ट्र बैंकले मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत ओभरनाइट तरलता सुविधा नीतिगत दरमा उपलब्ध गराउने व्यवस्थासँगै एकल अंकमा झरेको थियो। तर, स्थायी तरलता सुविधा (एसएलएफ) बैंकदरमा नै लिनुपर्ने हुँदा अल्पकालिन केही घटेको थियो।
गत शुक्रबार राष्ट्र बैंकले बैंकदर घटाउने निर्णय गरेसँगै ब्याजदर घटाउन निर्देशित गर्ने अपेक्षा गरिएको थियो। तर, ट्रेजरी बिलको डिस्काउन्ट रेट खासै नघट्दा त्यसले ब्याजदर अझै पनि अपेक्षाकृत रुपमा घट्ने संकेत दिन सकेन।
राष्ट्र बैंकले सोमबार २८ दिन, ९१ दिन, १८२ दिन र ३ सय ६४ दिन अवधिको २४ खर्ब ७४ करोड ५० लाख रुपैयाँको ट्रेजरी बिल नवीकरण तथा नयाँ जारी गर्नको लागि बोलकबोलमा ल्याएको थियो। जसमा १८२ दिन अवधिको ट्रेजरी बिलको औसत डिस्काउन्ट रेट बढेको छ भने अन्य ३ टाइम सिरिजको ट्रेजरी बिलको डिस्काउन्ट रेट भने समान्य मात्रै घटेको छ। २६ वैशाखमा भएको बोलकबोलमा २८ दिन अवधिको ट्रेजरी बिलको डिस्काउन्ट रेट ८.१८२७ प्रतिशत कायम भएकोमा सोमबार भएको बोलकबोलमा सामान्य घटेर ८.०८९२ प्रतिशत कायम भएको छ। यस्तै ९१ दिन अवधिको ट्रेजरी बिलको डिस्काउन्ट रेट २६ वैशाखमा ९.७१०१ प्रतिशतबाट घटेर सोमबार ९.६५६० प्रतिशत कायम भएको छ। यस्तै १८२ दिन अवधिको ट्रेजरी बिलको डिस्काउन्ट रेट भने २६ वैशाखको भन्दा बढेको छ। २६ वैशाखमा ९.४४६० प्रतिशत रहेको १८२ दिन अवधिको ट्रेजरी बिलको डिस्काउन्ट रेट १ जेठ सोमबार बढेर ९.५०७४ प्रतिशत पुगेको छ।
यस्तै ३६४ दिन अवधिको ट्रेजरी बिलको डिस्काउन्ट रेट ८.९८५२ प्रतिशत कायम भएको छ। २६ वैशाखमा ९.२२७८ प्रतिशत रहेकोमा सोमबार समान्य घटेको हो। राष्ट्र बैंकको ३० वैशाखको तथ्यांक अनुसार बैंक तथा वित्तीय संस्थाको औसत कर्जा निक्षेप अनुपात ८५.०४ प्रतिशत छ। बैंकहरुमा सामान्य प्रकृतिको तरलता कमी भएर राष्ट्र बैंकसँग सापट लिनुपर्ने अवस्था छैन। ३१ वैशाखको तथ्यांक अनुसार १ करोड ७० लाख रुपैयाँ मात्रै एसएलएफ सुविधा बैंकहरुले लिएका छन्। सरकारले निरन्तर आन्तरिक ऋण उठाउँदा पनि राष्ट्र बैंकसँग सापट लिनुपर्ने अवस्थामा नरहेका बैंकहरुले अल्पकालीन ब्याजदर घटाउन भने चासो दिएको दैखिंदैन।
राष्ट्र बैंकले मौद्रिक नीति समीक्षबाट ऋणपत्रलाई पनि २०८० पुस मसान्तसम्म निक्षेपमा गणना गर्नसक्ने व्यवस्था गरेको छ। साउनदेखि ऋणपत्र निक्षेपमा गणना गर्न नपाउँदा सीडी रेसियोमा दबाब पर्नसक्ने अवस्थामा राष्ट्र बैंकले त्यसमा पनि छुट दिएको छ।

# अर्थ समितिको बैठकमा अर्थतन्त्र सुधारबारे छलफल

**रासस**
**काठमाडौँ।**
सङ्घीय संसद् प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिले अर्थमन्त्री समक्ष अर्थतन्त्र सुधारका लागि आवश्यक जानकारी दिने निर्णय गरेको छ।
समितिको मंगलबार बसेको बैठकमा अर्थतन्त्र सुधारका लागि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमार्फत सरकारले गर्नुपर्ने लगायतका विषयमा छलफल भएको थियो। बैठकमा विशेष गरी सांसदहरुले अर्थतन्त्रको वर्तमान अवस्था, आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटको कार्यदिशा, भ्रष्टाचार नियन्त्रण तथा सुशासन, संसदीय समितिमा स्वार्थ बाझिने गरी सांसद नियुक्ति, नयाँ स्टक एक्सचेञ्जको लाइसेन्स वितरणमा अनियमितताको आशङ्कालगायतका विषयमा जोड दिएका थिए।
बैठकमा बोल्दै पूर्वअर्थमन्त्री एवम् सांसद विष्णुप्रसाद पौडेलले पहिलो बैठक भएकाले कुनै एजेन्डामाथि छलफल नभएको धारणा राख्दै आगामी बैठकका एजेन्डाबारे पूर्व जानकारी गराएर छलफल हुने बताए।त्यस्तै समितिको सभापति चयनको काम छिटो टुङ्ग्याउन पनि उनले जोड दिए। अहिले अर्थतन्त्र समस्यामा रहेको बेला अर्थमन्त्रीलाई संसदीय समितिका सुझाव लगेर त्यसलाई कार्यान्वयन गर्न सुझाव दिए।
‘अर्थतन्त्रमा अनगिन्ती समस्या छन्। त्यसकारण समाधान कहाँबाट सुरु गर्ने भनेर हामीले पहिल्याउन जरुरी छ। यस्तो अप्ठ्यारो अवस्थामा सरकारले समितिको सहयोग र विश्वास लिएर अघि बढ्नपर्छ’, पौडेलले भने। उनले समितिले बजेटबारे केही नीतिगत सुझाव दिनसक्ने बताए। पूर्वअर्थमन्त्री एवम् सांसद ज्ञानेन्द्रबहादुर कार्कीले विगतदेखिकै नीति र अभ्यासका कारण अर्थतन्त्रमा समस्या देखिएको भन्दै अब अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति बनाएर सुधार गर्नुपर्ने बताए।
‘अर्थतन्त्र समस्याग्रस्त छ। यसलाई लयमा ल्याएर विकास निर्माण र समृद्धितर्फ अग्रसर गराउनुपर्ने छ। एक दिनमै अर्थतन्त्र सुधारमा चमत्कार हुनसक्दैन। लामो समयदेखिका अर्थतन्त्रका सबल र दुर्वल पक्ष हेर्न जरुरी छ’, कार्कील भने।
सांसद पदम गिरीले नयाँ स्टक एक्सचेन्ज र धितोपत्र दलाल अनुमति (स्टक ब्रोकर)को लाइसेन्सबारे समितिबाट विगतमा भएको अध्ययन र त्यसको कार्यान्वयनको अवस्थाबारे सोधखोज गरिनुपर्नेमा जोड दिए। समितिले सरकारी स्वामित्वको स्टक एक्सचेन्जमा रणनीतिक साझेदार भित्र्याउन सकिने सुझाव दिएकोमा त्यसलाई लत्याएर नयाँ लाइसेन्स दिन लागिएको उनको भनाइ छ।अहिले नयाँ स्टक र धितोपत्र दलालको लाइसेन्स दिँदा आर्थिक चलखेलको आशङ्का भएकाले त्यसबारे समितिले तत्काल अध्ययन थाल्नुपर्ने पनि उनको भनाइ छ।
सांसद ज्ञानबहादुर शाहीले अर्थतन्त्र सुधारका लागि सरकारले के-कस्तो काम गरिरहेको छ भन्नेबारे समितिमा जानकारी गराइनुपर्ने धारणा राखे। ‘आर्थिक सूचक खस्किरहेका छन्। तर अर्थतन्त्र सुधार गर्नका लागि सरकारका पछिल्ला कदम के छन्, के गरिरहेको छ भन्ने जानकारी छैन। समितिको अबको बैठकमा अर्थमन्त्रीलाई पनि बोलाएर यसबारे जानकारी गराउन आवश्यक छ’, उनले भने। त्यस्तै समितिका गतिविधिहरु प्रभावकारी र पारदर्शी बनाउन प्रविधिको प्रयोगलाई जोड दिनुपर्ने उनले बताए।
सांसद विराजभक्त श्रेष्ठ र नारायणप्रसाद आचार्यले संसदीय समितिमा स्वार्थ बाझिने गरी सांसद नियुक्त भएको विषय उठाए। ‘कन्फ्लिक्ट अफ इन्ट्रेस्टले गर्दा नीतिगत भ्रष्टाचार हुन्छ। अझ अर्थ समितिमा त झन् कुनै न कुनै तरिकाले कन्फ्लिट अफ इन्ट्रेस्ट हुने रहेछ। वित्तीय सुशासनका लागि हामीले यस्ता विषयलाई पनि ख्याल गर्नुपर्छ’, श्रेष्ठले भने। सांसद नारायणप्रसाद आचार्यले स्वार्थ बाझिने गरी समितिमा सांसद राखिएको विषयलाई गम्भीररुपमा लिइनुपर्नेमा जोड दिए। सांसद नारायणी शर्माले अर्थतन्त्रको वर्तमान अवस्थाबारे प्रश्न गर्ने र हल खोज्ने थलोका रुपमा अर्थ समिति रहेकाले बैठकमा छलफल हुने विषय र एजेन्डाको प्राथमिकता तोकेर जानुपर्ने बताए।
त्यसैगरी, सांसद छिरिङ डम्डुल लामा (भोटे) ले संसदीय समितिमा कुनै पक्ष वा विपक्ष नभनी सबै सांसदले एक अर्काको सहयोग र समन्वयबाट समान धारणा बनाएर जानुपर्ने बताए। सांसद दीपक खड्काले पनि समितिको काम कारबाही चुस्त र प्रभावकारी बनाउन पक्ष-विपक्ष हुन नहुने बताए। ‘अहिलेको अवस्थामा हामी सबैले कसो गर्दा गर्विलो अर्थतन्त्र निर्माण गर्न सकिन्छ भन्नेबारे सोच्नुपर्छ। आगामी आर्थिक वर्षको बजेटका लागि पनि सरकारलाई के कस्ता सुझाव दिन सकिन्छ तयारी गरौँ। समितिको प्रभावकारिताका लागि पक्ष विपक्षतिर नलागौँ’, उनले भने।
सांसद पूर्णबहादुर तामाङले विद्युतीय सवारी र विद्युतीय चुलोको प्रयोग बढाउने गरी सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत् केही महत्वपूर्ण घोषणा गर्नुपर्ने बताए। काठमाडौँ उपत्यकाभित्रका पूराना ट्याक्सी हटाएर विद्युतीय ट्याक्सी चलाइनुपर्ने सुझाव उनको छ।
सांसद गङ्गा कार्कीले अर्थतन्त्रमा देखिएका समस्या अहिले सिर्जना भएको नभइ लामो समयदेखिका खराब नीति र कार्यशैलीको शृंखलाको नतिजा रहेको बताए। ‘अर्थतन्त्रको समस्या अहिलेको मात्र समस्या होइन। यो लामो समयदेखिको शृंखला हो। भ्रष्टाचार, बिचौलिया र दलालीकरण अहिलेको समस्या हो’, उनले भने। उनले फजुलखर्च कटौती गरेर जानुपर्नेमा सुझाव दिए। सांसद मुक्ताकुमारी यादवले अर्थतन्त्र सुधारका लागि अर्थ समितिमार्फत् सरकारलाई साझा सुझाव दिनुपर्ने बताईन।
सांसद अन्जनी श्रेष्ठ र रणकुमारी बलम्पाकी मगरले युवा स्वरोजगारमा विषयमा भर्ना राख्दै युवा विदेश जान रोक्नुपर्ने, औद्योगिक उत्पादन तथा कर कारखाना चलाएर आन्तरिक उत्पादन बढाउनुपर्ने, सामूहिक खेती र सामूहिक कृषिपालनका लागि प्रयास गरिनुपर्ने लगायतका विषय बजेटले समेट्नुपर्ने गरी अर्थ समितिबाट सुझाव जानुपर्ने धारणा राखे।

## तरकारीमा विषादीदेखि बाँदर आतङ्कको विषय प्रवेश

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले तरकारीको आयात न्यूनीकरण गर्ने तथा आयातित तरकारीमा विषादीको मात्र परीक्षणलाई प्रभावकारी तुल्याउन सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको छ। समिति सदस्यहरुले दिएको रायसुझाव र परामर्शका आधारमा समितिले मुलुकले आर्थिक सङ्कट झेल्नु परिरहेको अवस्थामा तरकारीमा आत्मनिर्भर हुने कार्यक्रम घोषणा गर्न तथा आयातित तरकारीमा देखिएको अत्यधिक विषादिको प्रयोग रोक्न परीक्षणको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएको हो।
तरकारीमा विषादीको अत्यधिक प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर परेकाले सीमा नाकामै भरपर्दो परीक्षण गर्ने व्यवस्था मिलाउन समितिले सरकारलाई सुझाव दिने निर्णय गरेको छ। बैठकमा सदस्यले कृषिप्रधान मुलुक भनिए पनि समयमै किसानले सिचाई, मल, खाद्य र बिउ नपाएर प्रताडीत भएको घटना सुनाउँदै किसानलाई राहत हुने कार्यक्रम सूनिश्चित गर्न सरकारले प्रादेशिकरुपमा प्रभावकारी कार्ययोजना घोषणा गर्न माग गरे।
सरकारले कृषि क्षेत्रको उत्पादन बढाएर आयात घटाउने तथा निर्यात बढाउने नीति अघि सारेपनि परिणाम प्राप्त गर्ने उद्देश्य र योजना नभएकै कारण लक्ष्य हासिल गर्न कठिनाई भएको सदस्यहरुको भनाइ थियो। मध्य र पश्चिमका पहाडी जिल्लामा पछिल्लो समय बढदै गएको बाँदर आतङ्क रोक्ने विषयलाई पनि सरकारले प्राथमिकतामा राख्न बैठकमा सुझाव प्रस्तुत गरियो। बैठकमा भाग लिने अधिकाश सांसदले कृषि क्षेत्रको विकासका सम्भावना, समस्या र परिणाम प्राप्त गर्ने उपायकाबारेमा सुझाव प्रस्तुत गरे। ज्येष्ठ सदस्य नवलकिशोर साह सुडीको अध्यक्षतामा बसेको पहिलो बैठकमा सदस्यलाई स्वागत गरिनुका साथै सदस्यबीच परिचय र समितिको कार्याक्षेत्रबारे जानकारी गराइयो।
समितिको कार्यक्षेत्रभित्र वन तथा वातावरण, कृषि तथा पशुपक्षी विकास, भूमि, सहकारी तथा गरिवी निवारण रहेको छ। समितिमा ती मन्त्रालयका मन्त्री पदेन सदस्य रहने भए पनि मंगलबारको पहिलो बैठकमा कुनै पनि मन्त्री उपस्थित भएनन्।



# नयाँदिल्ली उडान अनुमति कुर्दै नेपाल एयरलाइन्स

**रासस**
**काठमाडौँ।**
एक वर्षअघि व्यावसायिक रुपमा सञ्चालनमा आएको रुपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलले अहिलेसम्म राम्र ‘विजनेश’ पाउन सकेको छैन। विसं २०७९ जेठ २ गतेदेखि सञ्चालनमा आएको उक्त विमानस्थलमा कुवेतको जजिरा एयरवेजले उडान गरिरहेको थियो। यद्यपि, यो एयरलाइन्सले पनि विभिन्न कारण देखाउँदै उडान नियमित गरेको छैन। अघिल्लो पटक झण्डै दुई महिना उडान स्थगित गरेको जजिराले पुनःकरिब एक महिनादेखि भैरहवा-कुवेत उडान बन्द गरेको विमानस्थल कार्यालयले जनाएको छ।

### जेठ १५ देखि उडान गर्ने निगमको तयारी

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले जेठ १५ देखि उडान गर्नेगरी आवश्यक तयारी गरिरहेको छ।निगमले भैरहवाबाट भारतको नयाँदिल्ली र मलेसियाको क्वालालम्पुर सातामा एक-एक उडान गर्ने कार्यतालिका बनाएको छ। मलेसियाबाट उडान अनुमति पाइसकेको निगमले भारतबाट अझै अनुमति पाएको छैन। ‘भारतबाट उडान अनुमति पाएका छैनौँ, ‘अन्डर प्रोसेस’ भनेर सन्देश आएको छ, एक/दुई दिनभित्रै निर्णय आउला, अनुमति पाउनासाथ टिकट बिक्री खुला गर्नेछौँ’, निगमका प्रवक्ता रमेश पौडेलले भने।
उनका अनुसार ‘इनरुट’मा पर्ने देशबाट ‘ओभर प्लाइट’ को अनुमति र सम्बन्धित देशको ‘ल्याण्डिङ पार्किङ’को अनुमति आउनसाथ काम अगाडि बढ्नेछ। यसका लागि सम्बन्धित मुलुकसँग अनुमति प्रक्रियामा रहेको प्रवक्ता रमेश पौडेलले बताए। गौतमबुद्ध विमानस्थलबाट उडान सुरू गरेपछि निगमले भैरहवा-दिल्ली-काठमाडौँ र काठमाडौँ-मलेसिया-भैरहवा उडान हुनेछ।
गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक हंशराज पाण्डेका नेपाल एयरलाइन्सले ‘समर’मा उडानका लागि तालिका पेस गरिसकेको छ। ‘नेपाल वायुसेवा निगमको भैरहवामा उपस्थिति नै हाम्रा लागि सकारात्मक पक्ष हो, अन्य अन्तर्राष्ट्रिय एयरलाइन्सले पनि चासो देखाइरहेकाले उनीहरुलाई आकर्षण गर्न यसले मद्दत पुग्नेछ’, उनले भने।




### जजिराको उडान अन्योल

झन्डै एक महिनादेखि जजिरा एयरवेजले उडान बन्द गरेको छ। जजिराले वैशाख ६ गते (अप्रिल १९)देखि भैरहवा-कुवेत उडान बन्द गरेको विमानस्थल कार्यालयले जनाएको छ। पछिल्लो समय जजिराले कुवेत-भैरहवा सातामा तीन उडान भर्दै आइरहेको थियो। तर उडान अवतरणमा समय तालिका नमिलेपछि स्थगन गरेको एयरलाइन्सले उल्लेख गरेको छ।
यसअघि जजिराले मङ्गलबार, बिहीबार र शुक्रबार बिहान ७:१५ बजे विमानस्थलमा अवतरण हुने र ८:०५ मा कुवेतका लागि उडान गर्दै आएको थियो।तर यात्रु सुविधाका लागि भन्दै जजिराले नेपाल नागरिक उड्डयन प्राधिकरणसँग समय तालिका परिर्वतन गरेर उडान गर्न अनुमति मागेको थियो। प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाका अनुसार जजिराले व्यावसायिक कारण देखाउँदै उडान स्थगित गरेको र कहिलेबाट उडान हुने टुङ्गो नरहेको बताउनुभयो। पछिल्लो पटक मौसमका कारण झन्डै दुई महिना रोकिएको उडान गत फागुन २५ गतेबाट पुनः सुरू भएको थियो।
जजिराले २०७९ साल जेठ २ गतेबाट गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उडान सुरू गरेको थियो। व्यावसायिक उडान गरिरहेको जजिराले विमानस्थल सेवा शुल्कमा पनि छुट पाएको थियो। जजिराले एक वर्षसम्मका लागि विमानस्थलमा लाग्ने अवतरण, पार्किङ, सञ्चार तथा उड्डयन सहायता सेवा र सुरक्षा जाँचमा शुल्क छुट पायो। विमानस्थलले यस्तो छुट थप एकवर्ष लम्ब्याएको छ। अन्तर्राष्ट्रिय एयरलाइन्सले विसं २०८१ सम्म शुल्क छुट पाउनेछन्।

### एक वर्षमा ३५ हजार अन्तर्राष्ट्रिय यात्रु

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको एक वर्षमा अन्तर्राष्ट्रियतर्फ तीन सय ५९ उडानमार्फत झण्डै ३५ हजार अन्यात्रुले आवतजावत गरेका छन्। विमानस्थलका महाप्रबन्धक पाण्डेका अनुसार ३४ हजार आठ सय ७७ अन्तर्राष्ट्रिय यात्रुको आवागमन भएको छ। आन्तरिक उडान नियमित भइरहे पनि अन्तर्राष्ट्रिय उडान बढ्न नसकेको उहाँले बताउनुभयो।

### म्यान्मार, थाइल्याण्ड र कम्बोडियाबाट उडान चासा

गौतमबुद्ध विमानस्थलमा उडानका लागि विभिन्न अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले चासो दिएका छन्। विमानस्थलका अनुसार अहिले म्यानमार, थाइल्याण्ड, कम्बोडियालगायत मुलुकबाट उच्च अधिकारीले विमानस्थलको स्थलगत अवलोकनसमेत गरेका छन्। म्यानमारले छिट्टै चार्टर्ड उडान गर्ने मौखिक प्रतिक्रिया दिएको छ भने अन्य एयरलाइन्सले थप छलफल गरी उडान गर्ने संकेत गरेका छन्। भैरहवाबाट बौद्धमार्गीहरुको बाहुल्यता भएका मुलुकमा उडान विस्तार हुने अनुमान गरिएको छ।

# चारखोलाले हिजो खेत खायो, अब 'बस्ती' खाँदैछ

**रासस**
**जनकपुरधाम ।**



चुरेक्षेत्र भएर बग्ने तराई-मधेशका अधिकांश खहरे खोलामा अहिले पानी भेट्न गाह्रो छ । ढुङ्गा, बालुवाको उत्खनन् गर्न खटिरहेका ट्र्याक्टरलगायत साधन एवं मजदूर भने प्रशस्तै भेटिन्छन् । धनुषाको गणेशमान चारनाथ नगरपालिकामा रहेको चारखोला (चारनाथ खोला) पनि अहिले त्यस्तै काकाकूल छ । जब वर्षायाम सुरु हुन्छ, तब अरु खहरेजस्तै यो खोला पनि चुपचाप रहन्न् । त्यसपछि यहाँ पानीसँगै आँसु पनि बग्छन् । हरेक वर्षातमा आसपासका बस्तीको उठिबास, जनधनको क्षति, सयौँ बिघा जमिन कटान र डुबानलगायतका घटनाहरु सुनिन्छन् । 'अहिले सुनसान रहेको यो खोला यस्तै रहन्न, बर्सातमा यसले राक्षसी रुप देखाउँछ र बस्ती उठिबास लाउँछ', गाउँपालिका-३ भरतपुरका राजेन्द्र दासले भने, 'बाढीले हरेक वर्ष विपद् निम्त्याउँछ, धनजनको क्षति, खेतीयोग्य जमिन कटान र डुबान हुन्छ । पानी मात्रै होइन हरेक बर्सातमा हाम्रा आँसु बग्छन् ।'

चारखोलाको वरिपरि श्रीरामपुर, भरतपुर र जुडी गरी तीन बस्ती छन् । यी तीनै बस्तीमा करिब एक हजार तीन सय परिवारको बसोबास छ । आजभन्दा १५/२० वर्षपहिले खोला पूर्वी भागतिर बगिरहेको थियो । अहिले धार परिवर्तन गरी यिनै गाउँ अर्थात् पश्चिमतर्फ फर्किएको छ भने खोला सोभ्फिएको भँगालोको मुखैमा श्रीरामपुर र भरतपुर छ । 'दश/पन्ध्र वर्षमा ५० बिघाभन्दा बढी नम्बरी जग्गा बगर बनेको छ । पहिले त खेती मात्रै बगायो, अहिले त बस्तीसमेत डुबानमा परिरहेको छ । तत्काल केही नगर्ने हो भने यी बस्तीहरु नै सखाप हुनेछन्', उनले गुनासो गरे ।

अहिले चुरेबाट आएको गेग्र्यानले चारखोला खेती र वस्ती रहेको जमिनभन्दा पनि उचौं छ । दुई फिटभन्दा बढी पानी आएमा दायरा नाघ्ने अवस्था छ । स्थानीय मोतिलाल दासले खोलाको स्वरुप हेर्दा वर्षायाम नलाग्दै निन्द्रा लाग्न छोडिसकेको बताए । 'तीन बस्तीको पाँच सय बिघा जमिन र गाउँतिर पानी जाने अवस्था छ छ । यो देखेर वर्षात सुरु नहुँदै निन्द्रा लाग्न छोडिसक्यो । हरेक वर्ष बालबच्चाहरुको बिचल्ली हुन्छ, भन् यो वर्ष त भयावह हुने देखिएको छ', उनले भने ।

उनले स्थानीय जनताले श्रमदान गरी अस्थायी तटबन्ध लगाउँदा र स्थानीय सरकार तथा अरू निकायले हरेक वर्ष केही न केही गर्दा पनि खहरे रोक्न नसकिएको दुखेसो पोखे । नागेश्वर दासले दशकौंदेखि स्थानीयको आग्रहअनुसार १०/२० लाखको काम भइरहे पनि त्यसले बर्षातको पहिलो धक्का पनि थेग्न नसकेको बताए । 'खोलामा रहेको पुलको केही माथि राजदेवी मन्दिर रहेको स्थानमा पानीको उकासा हुन्छ । त्यहाँबाट तीव्र गतिमा आएको पानी तीन बस्ती हुँदै सबैलासम्म पुग्छ', उनले भने, 'यो समस्या प्रत्येक चुनावमा नेताका अजेन्डा बन्छन् तर काम भने हुँदैन ।'

नगरपालिकाले चालु आर्थिक वर्षमा रु एक करोडभन्दा बढी खर्चेर तारजाली ढुङ्गा लगाएको छ तर यसले पनि धेरै राहत दिन सकेको छैन । 'उत्तम विकल्प भनेको नदीलाई डोऱ्याएर बीच भागमा लिनु नै हो तर यसमा कसैको ध्यान गएको छैन', नागेश्वरले गुनासो गरे । भरतपुरतर्फ सोभ्फिँदै गरेको खोलाको मुखैमा सानो जग्गा देखाउँदै स्थानीय भरत साहले दुई वर्षअघि परिवारको २७ कट्ठा जमिन खोलाले खाएको पीडा सुनाए । 'चारनाथको कटानले एकै रातमा एक/डेढ बिघा सखाप गर्छ । दुई वर्षअघि मात्रै मेरो दाइको २२ कट्ठा र मेरो पाँच कट्ठा जमिन कटान गऱ्यो । यो बगरमा भरतपुर, उम्राटोल, लवपुरीमा बस्नेतहरुको पनि जग्गा छ', साहले भने ।

वडा नं ३ का अध्यक्ष उद्गार यादवले ठूलो क्षति सन्निकट रहेकाले खेत र बस्तीभन्दा अग्लो रहेको नदी बीचको भाग हटाएर चारपाँच मिटर गहिरो बनाउनुपर्ने बताए । नगर उपप्रमुख तुलसाकुमारी पाण्डेले स्थानीयको मागअनुसार अग्लो भएको खोलालाई गहिरो बनाएर बीचबाट डोऱ्याउन सकेमा मात्रै समस्याको दीर्घकालीन समाधान हुने भएकाले आफूहरु त्यसका लागि छलफलमा रहेको बताए । 'जिल्ला समन्वय समिति, जिल्ला दैवी प्रकोप उद्धार समितिका प्रमुख तथा प्रतिनिधिले पटकपटक यहाँको स्थलगत निरीक्षण गर्नुभएको छ', पाण्डेले भने, 'उनीहरुसँगको छलफलले निष्कर्ष पाएमा वर्षा लाग्नुअघि नै खोलालाई बीचबाट बगाउने गरी नगरपालिकाकाले काम गर्छ । हामी अनुमतिको पर्खाइमा छौँ ।'

नगरप्रमुख जितनारायण यादवले पनि खोला श्रीरामपुर, भरतपुर, जुडीतर्फ सोभ्फिएकाले यसलाई बीच भागबाट बग्ने स्थिति नबनाएमा तीन गाउँसहित रघुनाथपुर, सबैलालगायत ठाउँको ठूलो भूभागमा क्षति पुग्नेतर्फ सचेत रहँदै रोकथामको उपाय खोज्न जरुरी रहेको बताए ।

उनले राजमार्गमा भएको पुलको १५ पिल्लरमध्ये पश्चिमतर्फका सबै पिल्लर 'ब्लक' भएर चार पिल्लरबाट मात्रै पानी बगिरहेकाले त्यसलाई बीचबाट खोल्ने र पानीको बाटो बनाउने विषयमा छलफल चलिरहेको बताए ।

'हाम्रो दायित्व जोखिम अवस्थामा रहेका बस्तीहरुलाई जोगाउने हो । भरतपुरतर्फ रु एक करोडको लागतमा बाँध निर्माण भइरहेको छ र श्रीरामपुरका लागि रु २५ लाख छुट्याएका छौँ तर नदीको अग्लो भाग होचो नबनाएमा यो लगानी पनि बालुवामा पानी हालेजस्तै हुनेवाला छ', नगरप्रमुख यादले भने, 'त्यसैले जिल्ला समन्वय समिति र सरोकारवाला निकायबाट खोला बीचमा डोऱ्याउने अनुमतिको पर्खाइमा छौँ । बर्खायाम सुरु हुनुभन्दा पहिले नै यो काम गर्ने हाम्रो योजना छ ।'

जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले तीनपटक स्थलगत अनुगमन गरी वस्तुस्थितिबारे जानकारी लिइसकेकाले अब समस्याको निकास दिने विषयमा अन्तिम निर्णय गरिने बताए । उनले यसपालि नदी सोझ्याउने काम नगरिएमा बस्ती, खेतीयोग्य जमिन तसहनहस हुनाका साथै 'लाइफलाइन'का रुपमा रहेको पूर्व-पश्चिम राजमार्गको चारखोलामाथिको पुल भासिएर बन्द हुने जोखिम बताए ।

'जोखिमको आङ्कलन त गरिसकेका छौँ । भयावह अवस्था आउन नदिन के गर्ने भन्ने विषयमा तीनपटक अनुगमन र पटक-पटक छलफल भइसकेको छ । अब नदीलाई सोझ्याउनुको विकल्प छैन', उनले भने, 'जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवम् प्रजिअसँग छलफल भइरहेको छ । विपद् आउनुभन्दा पहिले नै निकास दिनुपर्ने हाम्रो दायित्व हो । त्यसतर्फ हामी केन्द्रित भएका छौँ ।'स्थानीय जयराजकिशोर दासले लाखौँ रकममा टेन्डर लाग्ने खोलाको आम्दानीले नै खोला व्यवस्थापन गरी मानवीय बस्तीलाई जोगाउन सकिने भएकाले समयमै निर्णय गर्न आग्रह गरे ।

'खोलाको बालुवा जति महत्वपूर्ण छ, त्योभन्दा लाखौँ गुणा महत्वपूर्ण मानव बस्ती छन् । खोलामा यो भयो र त्यो भएन भनेर ठेक्काका कुरा मात्रै सुनिन्छन् तर हामी नागरिकलाई कसरी बचाउने भन्ने विषयमा गम्भीरतापूर्वक बहस भएको छैन' उनले भने । उनले खोलालाई दोहन गर्दै आम्दानीतर्फ नहेरी मानव बस्तीलाई केन्द्रमा राखी वर्षा सुरु हुनु अगावै ठोस निर्णय गरी कार्यान्वयन गर्न माग गरे ।

# तीन केन्द्राध्यक्षलाई कारबाही



**रासस**
**काठमाडौँ।**

राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को वार्षिक परीक्षामा मर्यादाविपरीत कार्य गर्ने तीन केन्द्राध्यक्षलाई कारबाही गरेको छ। उक्त बोर्डले एक सूचना जारी गरी गत वैशाख २९ र ३१ गते सञ्चालन गरेको परीक्षामा मर्यादाविपरीत कार्य गरिएकाले एक जनालाई बर्खास्त गरिएको र अन्य दुई जनालाई सचेत गराएर छाडिएको जनाएको छ।

काठमाडौँको मित्रपार्कस्थित टेक्सास इमावि परीक्षा केन्द्रमा मर्यादाविपरीत कार्य गर्ने केन्द्राध्यक्षलाई बर्खास्त गरिएको र मित्रपार्ककै कैलाशकुट बहुमुखी क्याम्पस तथा बौद्धस्थित कुमारी आवासीय माविका केन्द्राध्यक्षलाई परीक्षाको उचित वातावरण कायम गर्न नसकेको भन्दै सचेत गराएको जनाइएको छ।

कक्षा १२ को वार्षिक परीक्षा गत वैशाख २६ गतेदेखि सञ्चालन भइरहेको छ । मोबाइलमार्फत प्रश्नपत्र खिचेर बाहिर पठाउने र त्यहीँबाट उत्तर लेखेर पठाउने गरिएको भन्दै विभिन्न ठाउँबाट सूचना सार्वजनिक भइरहेका छन् । सामाजिक सञ्जालमा अनधिकृत आइडी तथा पेज सिर्जना गरी गलत तथा भ्रमपूर्ण सूचनासमेत प्रवाह भइरहेको बोर्डले जनाएको छ। यस्तो भ्रम फैलाउने कार्य नगर्नसमेत सबैलाई बोर्डले उक्त सूचनामार्फत सचेत गराएको छ।

# चौधरी पुनः टीकापुर हत्याकाण्डका दोषी

**रासस**
**काठमाडौँ।**

सर्वोच्च अदालतले टीकापुर हत्याकाण्डमा जन्मकैदको सजाय भोगिरहेका रेशम चौधरीलाई उच्च अदालत दिपायलकै फैसला सदर गर्दै दोषी ठहर गरेको छ ।न्यायाधीशद्वय डा आनन्दमोहन भट्टराई र नहकुल सुवेदीको संयुक्त इजलासले आज दोषी ठहर हुने फैसला गरेको हो । जन्मकैदको फैसलाविरुद्ध चौधरीले सर्वोच्च अदालतमा पुनरावेदन दिएका थिए । उक्त पुनरावेदनमाथि सुनुवाइपछि सफाइ दिन नपर्ने फैसला उल्लेख गर्दै उक्त आदेश गरेको हो ।अर्का प्रतिवादी लक्ष्मण थारूलाई उच्च दिपायलले ठहर गरेको पाँच वर्ष कैद सजायलाई घटाएर तीन वर्ष सजाय ठहर गरेको जिल्ला अदालत कैलालीकै फैसला सदर गरेको छ ।नागरिक उन्मुक्ति पार्टी सञ्चालन गर्दै चौधरीसहितका टीकापुर घटनामा संलग्नलाई माफी दिनुपर्ने मागका कारण सरकारले नयाँ विधेयक संसद्मा दर्ता गराएको थियो । उक्त विधेयक संसद्बाट पास हुनुअघि नै अदालतले दोषी ठहर हुने फैसला गरेको छ ।उक्त घटनामा जेल सजाय भोगिरहेका गङ्गाराम चौधरी र सीताराम चौधरीले भने सफाइ पाएका छन् ।

# तापक्रम वृद्धिले महोत्तरीको जनजीवन प्रभावित



**रासस**
**जलेश्वर।**

महोत्तरी जिल्लामा केही दिनदेखि अचाक्ली बढेको गर्मीले बिरामीको संख्यामा वृद्धि भएको छ। पछिल्ला दिन यहाँ चालिस डिग्री, ४१ डिग्री र कहिलेकाहीँ ४२-४३ डिग्रीसमेत तापक्रम पुगेको छ । यसबाट महोत्तरीको जनजीवन प्रभावित भएको छ भने यहाँका अस्पतालमा बिरामीको संख्या बढ्दै गएको छ।

जिल्ला सदरमुकाम जलेश्वरमा अवस्थित प्रादेशिक अस्पताल जलेश्वरका मेडिकल सुपरिटेन्डेन्ट डा मनिषा भारद्वाजका अनुसार गर्मी बढेसँगै अस्पतालमा सेवा लिन आउने बिरामीको संख्या बृद्धि भएको छ । सामान्यरूपमा ७०-७५ उपचारका लागि आउने गरेकामा अहिले एक सय ५० देखि दुई सय ५० बिरामी उपचारका लागि आउने गरेको उनले बताए।

उनका अनुसार गर्मीले आउ, ज्वरो, झाडापखाला, टाइफाइड, छालाजन्य रोग, पानीको कमी र जन्डिसका बिरामीको संख्या अत्यधिक बढेको हो । अधिकांश झाडापखालाका बिरामी अस्पतालमा आउने गरेका र अधिकांश आठ वर्षमुनिका बालबालिका र ५०-६० वर्षमाथिका वृद्धवृद्धा रहेका मेडिकल सुपरिटेन्डेन्ट डा भारद्वाजले बताए।

चर्को घाम र तातो हावाका कारण जिल्ला सदरमुकाम जलेश्वर नगर क्षेत्रसहित सहरी र ग्रामीण क्षेत्रमा दिउँसो सर्वसाधारणको आवतजावत घटेको छ ।अत्यधिक गर्मीका कारण जिल्लाका ह्याण्डपाइप, कुवा, इनार, पोखरीलगायत पानीको मुहान सुक्न थालेका छन् । जलेश्वर नगरसहित जिल्लाका उत्तरवर्ती अधिकांश क्षेत्रका अनेकौं हयाण्डपाइपबाट पानी आउन छाडेका छन्।

चर्को घाम र तातो हावाका कारण बिहान १०-११ बजेदेखि अपराह्न ५ बजेसम्म प्रायः सडक सुनसान नै हुन्छन् भने अत्यावश्यक कामबाहेक सर्वसाधारण घरमै बस्छन् । गर्मीसँगै लामो खडेरीका कारण यहाँका अधिकांश किसानले धानको बीउ राख्न पाएका छैनन् । अकाशे पानीको भरमा खेती गर्ने किसान वर्षा नभएकाले बीउ राख्न नपाउँदा खेत बाँझै रहने चिन्तामा छन् । गर्मीले गर्दा तरकारी बाली र फलफूलमा पनि प्रतिकूल प्रभाव पारेको छ।

# भुटानी शरणार्थी प्रकरणमा निष्पक्ष अनुसन्धान होस् : कांग्रेस

**रासस**
**काठमाडौँ।**

नेपाली कांग्रेसले नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान निष्पक्ष र स्वतन्त्र हुनुपर्ने बताएको छ। साथै यस प्रकरणका कुनै पनि दोषी उम्कन नहुने र निर्दोष व्यक्तिलाई जबर्जस्ती फसाउने काम कतैबाट हुन नहुने कांग्रेसको भनाइ छ।

कांग्रेस प्रवक्ता एवं अर्थमन्त्री डा प्रकाशशरण महतले मंगलबार पत्रकार सम्मेलन गरी सो प्रकरणबारेमा पार्टीको धारणा स्पष्ट पार्दै निष्पक्ष र स्वतन्त्र अनुसन्धान हुनुपर्ने र यसमा पार्टीको सहयोग रहने स्पष्ट पारे। उनले सामाजिक सञ्जाल एवं कतिपय मिडियामा 'मिडिया ट्रायल' पनि भइरहेको आफूले पाएको भन्दै निर्दोष व्यक्तिलाई पनि दोषी देखाउने प्रयत्न भएकोप्रति खेद प्रकट गरे।

कांग्रेस केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य डा आरजु राणा देउवाको हालसम्म सो प्रकरणमा कुनै पनि दोष नदेखिएको र प्रमाण समेत नपाइएको अवस्थामा पनि सामाजिक सञ्जालमा 'फेक अडियो' बनाएर

*फेक अडियो बनाउनेलाई कारबाही गर्न उजुरी गरेको छ । तर अहिले सामाजिक सञ्जालबाट ट्रायल गरेर दोषीझैँ व्यवहार भइरहेको देखिएको छ । यसप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । अडियो झुटो हो भन्ने हाम्रो पूर्ण विश्वास छ ।'सोही प्रकरण अनुसन्धानका क्रममा प्रहरी हिरासतमा पर्नुभएका कांग्रेस नेता बालकृष्ण खाणले आफू निर्दोष छु, सावित गर्छु, भनेकाले पार्टीले निलम्बन नगरेको : महत*



केही व्यक्तिले उहाँलाई बदनाम गर्न खोजिरहेको तथा यस्तै प्रकृतिका समाचारहरु कतिपय सञ्चारमाध्यममा आएको प्रवक्ता डा महतको भनाइ थियो।

सांसद डा राणाले आफ्नो बदनाम गर्न फेक अडियो बनाउनेलाई काराबाहीका लागि प्रहरीसमक्ष निवेदनसमेत दिइसकेको जानकारी गराउँदै प्रवक्ता डा महतले भने, 'उहाँले फेक अडियो बनाउनेलाई कारबाही गर्न उजुरी गर्नुभएको छ । तर अहिले सामाजिक सञ्जालबाट ट्रायल गरेर दोषीझैँ व्यवहार भइरहेको देखिएको छ । यसप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। अडियो झुटो हो भन्ने हाम्रो पूर्ण विश्वास छ ।'सोही प्रकरण अनुसन्धानका क्रममा प्रहरी हिरासतमा पर्नुभएका कांग्रेस नेता बालकृष्ण खाणले आफू निर्दोष छु, सावित गर्छु, भनेकाले पार्टीले निलम्बन नगरेको पनि उनले स्पष्ट गरे।

यस प्रकरणमा पार्टी सभापति किन मौन भन्ने प्रश्नको जवाफमा उनले भने, 'पार्टी सभापति शेरबहादुर देउवाले पनि सो प्रकरणमा निष्पक्ष र स्वतन्त्र अनुसन्धान हुनुपर्ने बताउँदै आउनुभएको छ, तपाईंहरुलाई थाहै छ उहाँको कम बोल्ने बानी छ, कांग्रेसको स्पष्ट धारणा पनि यही हो कि यस प्रकरणको निष्पक्ष र स्वतन्त्र छानबिन हुनुपर्छ', प्रवक्ता डा महतले बताए।

# सरकारलाई समर्थन गर्ने दलको बैठक सम्पन्न



**रासस**
**काठमाडौँ।**

सरकारलाई समर्थन गर्ने दलहरुको बैठक सम्पन्न भएको छ । सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा बसेको बैठक सरकारले यही जेठ ५ गते सदनमा पेस गर्ने नीति तथा कार्यक्रममाथि केन्द्रित रहेको बैठकमा सहभागी नेकपा (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डेले जानकारी दिएका छन्।

'मंगलबारको छलफलको विषयवस्तु नीति तथा कार्यक्रमलाई कसरी अगाडि बढाउने भन्ने हो । नीति तथा कार्यक्रमका कुन विषयलाई प्राथमिकता दिने भन्ने बारेमा दलहरुका बीचमा छलफल भयो', उनले भने।

बैठकमा शीर्ष नेताहरुले जनअपेक्षा पूरा गर्ने विषयलाई प्राथमिकता दिन सुझाव दिएका थिए । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सदनमा पेस गर्न लागेको नीति कार्यक्रममाथि सुझाव लिन सरकारलाई समर्थन गर्ने दलहरुको बैठक बोलाएका हुन्।

बैठकमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराई, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, जनमत पार्टीका अध्यक्ष सिके राउत, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, आम जनता पार्टीका अध्यक्ष प्रभु साहलगायत उपस्थित थिए।

# कानुन निर्माण प्रक्रियालाई तीव्रता दिइने

**रासस**
**काठमाडौँ।**



सङ्घीय संसद्अन्तर्गत कानुन तथा मानव अधिकार समितिले सम्पत्ति शुद्धिकरणसम्बन्धी र सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई जतिसक्दो छिटो दफाबार छलफलका लागि अघि बढाउने भएको छ । सिंहदरबारस्थित समितिको कार्यकक्षमा समितिका ज्येष्ठ सदस्य एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको अध्यक्षमा मंगलबार बसेको पहिलो बैठकमा उक्त दुई विधेयकलाई जतिसक्दो छिटो अघि बढाउनुपर्ने विषयमा समितिका सदस्यहरुले सुझाव दिएका थिए । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ र सम्पत्ति शुद्धिकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐन संशोधन विधेयक समितिमा आएको र दफाबार छलफल गरी निष्कर्षमा पुऱ्याउनुपर्ने समितिका सभापति देउवाले जानकारी गराए ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले समितिमा आएका दुई विधेयकलाई जतिसक्दो छिटो समितिबाट पास गरेर पठाउनुपर्ने र सङ्क्रमणकालीन न्याय मुलुकको इज्जतको विषय भएकाले महत्वका साथ अघि बढाइदिन आग्रह गरे । उक्त विधेयकमा सम्पत्ति शुद्धिकरणसम्बन्धी एक सय पाँच र सङ्क्रमणकालीन न्यायसम्बन्धी एक सय ८६ वटा संशोधन परेको छ । अब समितिमा दफावार छलफल हुनेछ ।

नेकपा (एमाले) का उपाध्यक्ष एवम् समितिका सदस्य सुवासचन्द्र नेम्वाङले समितिमा भएका दुई विधेयकलाई तत्काल अघि बढाउनका लागि सबै एकताबद्ध भएको र सङ्क्रमणकालीन न्यायको विषयमा एकमतका साथ अन्तर्राष्ट्रिय मान्यता, सर्वोच्च अदालतको फैसला र पीडितको भावनाअनुरुप ऐन संशोधन गर्नुपर्ने सुझाव दिए ।

सांसदहरु रञ्जु ठाकुर, सोविता गौतमलगायतले समितिको बैठकको कार्यविधि बनाएर उक्त विधेयकलाई अघि बढाउन सुझाव दिएका थिए । समितिका सभापति देउवाले अर्को बैठकमा समितिको बैठकको कार्यविधि तय गरिने र समितिका विधेयकलाई अघि बढाउने जानकारी दिए ।

# नक्कली पिता बनेर भिसा दिलाउने पुरुषलाई हजारौँ पाउन्ड




**बिबिसी**
**युके।**
नेपालमा नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिकामा पठाएर करोडौको लुट गरेको भनेर चर्चामा आए झै यूकेमा नक्कली पिता बनेर आप्रबासी महिलालाई भिसा दिलाउनेको पनि खुलासा भएको छ । आप्रवासी महिलाहरूका सन्तानको बुबा भएको नाटक गरेर ब्रिटिश पुरुषहरूले हजारौँ पाउन्ड कमाइरहेको एउटा अनुसन्धानले पत्ता लगाएको छ।

जन्मदर्ता प्रमाणपत्रमा ती शिशुको पिताका रूपमा आफ्नो नाम दिनका निम्ति उनीहरूलाई १० हजार पाउन्ड (१२ हजार अमेरिकी डलर) सम्म दिने गरिएको पाइएको छ। ब्रिटिश नागरिकका सन्तानले यूकेको नागरिकता पाउँछन् अनि ती महिलाहरूलाई यूकेमा आवासीय अधिकार प्राप्त गर्न बाटो खुल्छ। यस्ता कारोबारीहरूले फेसबुकमार्फत् व्यवसाय चलाएका छन् र उनीहरूले हजारौँ महिलाहरूलाई मद्दत गरेको दाबी गरेका छन्।

त्यस्ता सामग्री आफ्नो नियमानुसार प्रतिबन्धित भएको फेसबुकले बताएको छ । अनुसन्धानले यूकेभरि विभिन्न समुदायमा यस्तो किर्ते भइरहेको पत्ता लगाएको छ । अनुसन्धानले यूकेभरि सक्रिय बिचौलियाहरू फेला पारेको छ जसले नक्कली पिता हुन राजी ब्रिटिश पुरुष जुटाउने गर्छन् । गोप्य ढङ्गले अनुसन्धानमा संलग्न एक जनाले आफू यूकेमा अवैध रूपले आइपुगेको गर्भवती महिला भएको नाटक गरिन् र यस्ता सेवा जुटाइदिने मानिसहरूसँग सम्पर्कमा पुगिन्।

थाई नाम गरेका एक बिचौलियाले उनीसँग नक्कली पिताको नाटक गर्ने कैयौँ ब्रिटिश पुरुषहरू सम्पर्कमा रहेको भन्दै सम्पूर्ण सेवाका निम्ति ११ हजार पाउन्ड लाग्ने बताएका थिए। उनले सम्पूर्ण प्रक्रिया 'एकदम सहज' भएको र शिशुका निम्ति ब्रिटिश पासपोर्ट दिलाउन आफूले 'यथासम्भव प्रयास गर्ने' बताएका थिए । फेसबुकमा विज्ञापन नगर्ने थाईले अधिकारीहरूलाई झुक्याउन एउटा गतिलो कहानी आफूले बनाउन सक्ने पनि बताए। उनले एन्ड्रू नामक एक ब्रिटिश पुरुषसँग परिचय गराइदिए जो पिता बन्न राजी थिए। कुल सेवा शुल्कमध्ये ८ हजार पाउन्ड एन्ड्रूले लिने कुरा भयो । कुराकानीका बेला एन्ड्रूले उनी ब्रिटिश नागरिक भएको प्रमाणस्वरूप उनको पासपोर्ट देखाए। उनले अनुसन्धानकर्ता पत्रकारसँग सेल्फी पनि खिचाए।

नक्कली पिता बन्न राजी गराउने दाबी गर्ने एजेन्टहरूले बीबीसीले कुनै पैसा भने तिरेन । पछि जब थाईलाई उनको कारोबारको वास्तविकताबारे बीबीसीले सोध्यो तब उनले कुनै गल्ती नगरेको भन्दै आफूलाई केही थाहा नभएको बताए । एन्ड्रूले कुनै प्रतिक्रिया दिएनन्।

थी किम नामक अर्की एजेन्टले चाहिँ आफूले हजारौँ गर्भवती आप्रवासी महिलाहरूलाई मद्दत गरेको दाबी गरिन् । उनले पिता बन्न राजी ब्रिटिश पुरुष आफूले जुटाइदिन सक्ने भन्दै ती पुरुषहरूले त्यसका निम्ति १०हजार पाउन्ड माग्ने गरेको भए पनि आफूले केवल ३ सय पाउन्ड मात्र शुल्क लिने गरेको बताइन् । 'मैले प्रयोग गरेका सबै पुरुष यहीँ जन्मिएका हुन् र यसअघि कुनै शिशु तिनको नाममा दर्ता भएका छैनन्,' थी किमले अनुसन्धानकर्तालाई भनिन्।

'यो सब कसरी गर्नुपर्छ भन्ने मलाई थाहा छ। पासपोर्ट नभएकोमा तपाईँले चिन्ता गर्नुपर्दैन। त्यो मिलिहाल्छ।' थी किमले पनि पछि बीबीसीले टिप्पणीका निम्ति गरेको प्रश्नको उत्तर दिइनन् । आप्रवासी मामिलामा विशेज्ञता भएकी वकिल एना गोन्जालेजका अनुसार नक्कली पिता खडा गर्ने यो काइदा 'निकै विस्तृत' हुन्छ। 'यो एकदम परिष्कृत अनि पत्ता लगाउन कठिन हुन्छ,' उनले भनिन्। 'एक हिसाबले यसले महिलाहरू कति व्यग्र छन् र यूकेमा बस्ने अधिकार हासिल गर्न केसम्म गर्न सक्छन् भन्ने देखाउँछ।'

यदि कुनै आप्रवासी महिला अवैध रूपमा यूकेमा छिन् र उनले ब्रिटिश नागरिक वा त्यहाँ स्थायी आवासीय अधिकार भएका पुरुषसँग शिशु जन्माउँछिन् भने उक्त शिशु जन्मका आधारमा ब्रिटिश नागरिक हुन्छ । त्यसपछि उक्त आमाले पारिवारिक नाताले भिसाको निवेदन दिन सक्छिन् र समयक्रममा नागरिकताका निम्ति पनि । 'यो नियम बालबालिकाको सुरक्षाका निम्ति बनाइएको हो न कि कुनै कागजपत्रबिनाका महिलालाई यूकेको भिसा दिन,' गोन्जालेज भन्छिन् । 'यो कानुनी छिद्र होइन, यसलाई त्यस रूपमा हेर्नु हुँदैन।'

बीबीसीले यस्तो अनियमितताको स्तर अनुमान गर्न सकेको छैन किनकि होम अफिस (गृह मन्त्रालय)ले आफूले अध्ययन गरेका यस्ता मामिलाको संख्या दिन सकेन । साथै उसले ब्रिटिश बालबालिकाका कति गैरब्रिटिश अभिभावकहरूलाई भिसा दिएको छ भन्नेबारे पनि मन्त्रालयले कुनै तथ्याङ्क प्रकाशित गरेको छैन।

तर गत वर्ष 'अन्य डिपेन्डेन्ट' शीर्षकमा ४हजार८ सय६० पारिवारिक भिसा दिइएको थियो । उक्त शीर्षकले ब्रिटिश बालबालिकाका अभिभावकका रूपमा यूके बस्न पाउने भिसा पनि समेट्छ। जन्मदर्ता प्रमाणपत्रमा जानीजानी मिथ्या विवरण दिनु फौजदारी कसुर हो । होम अफिसले झुटा जन्मदर्ता प्रमाणपत्रका आधारमा आप्रवासीसम्बन्धी गलत कार्य हुन नदिन र त्यसलाई पत्ता लगाउन आफूहरूले विभिन्न उपाय अपनाइरहेको बीबीसीलाई बताएको छ।

उसका अनुसार 'पितृत्वको विषयमा जन्मदर्ता प्रमाणपत्र मात्र यथेष्ट प्रमाण नहुन सक्छ' र जहाँ आवश्यक पर्छ त्यहाँ 'जाँच प्रणालीलाई सन्तोषजनक बनाउन थप प्रमाण' माग गर्न सकिन्छ। तर आप्रवासी मामिलाका अर्का वकिल हर्जप भङ्गल त्यस्तो जाँचका निम्ति पर्याप्त काम नगरिएको ठान्छन् । 'यस्ता घटना यदाकदा मात्र हुने होइन, सम्भवतः हजारौँको संख्यामा छन्,होम अफिसले यसमा काम गर्न सकेको छैन,' उनले भने।

यस्ता मामिला भारत, पाकिस्तान, बाङ्लादेश, नाइजिरिया र श्रीलङ्का लगायतका देशका आप्रवासी समुदायमा देखिएको अनि यो वर्षौँदेखि हुँदै आएको उनले बताए। कामको खोजीमा रहेकाहरूका निम्ति बनाइएका केही भियतनामी फेसबुक समूहमा यस्ता अवैध धन्दाबारे व्यापक विज्ञापन भइरहेको न्यूजनाइटको अनुसन्धानले फेला पारेको थियो।

## महिलाहरूलाई डीएम गर्न आग्रह

हामीले दर्जनौँ यस्ता पोस्टहरू भेट्यौँ जहाँ नक्कली पिता बन्न तयार भनेर दाबी गरिएका थिए र कैयौँमा त्यस्तो पिता बन्न इच्छुक ब्रिटिश पुरुषको खोजीमा रहेका महिलाहरू थिए ।

एउटा अकाउन्टमा भनिएको थियोः 'म चार महिनाकी गर्भवती छु। मलाई २५-४५ उमेर समूहका बुबा बन्न राजी व्यक्तिको आवश्यकता छ।'अर्कोमा लेखिएको थियो : 'म रेड बुक् यूके पासपोर्टलाई भियतनामी बोलीचालीमा भनिने गरेको शब्दे भएको पुरुष हुँ । यदि तपाईँ गर्भवती हुनुहुन्छ र बुबाको खोजीमा हुनुहुन्छ भने डीएम (प्रत्यक्ष सन्देश सम्पर्क) गर्नुहोस् ।'

फेसबुकको स्वामित्व भएको मेटा कम्पनीले उसको नियमले 'जन्मदर्ता प्रमाणपत्र वा शिशुको एडप्शनबारे ठगी कार्य गर्न' अनुमति नदिने उल्लेख गरेको छ । त्यस्ता सामग्री आफूहरूले निरन्तर हटाइरहने उसले बताएको छ। हामीले एक महिलासँग कुरा गर्‍यौँ जसले कसैलाई आफ्नो शिशुको पिता बनाउन ९ हजार पाउन्ड तिरेको बताइन्। उनले भनिन् : 'ती पुरुष मभन्दा ३० वर्ष बढी उमेरका थिए। साथै उनले यस्तै काम अर्की महिलाका निम्ति पनि गरिदिएको मैले सुनेकी थिएँ ।'ती पुरुषसँग आफ्नो खासै धेरै सम्पर्क नभएको पनि उनले बताइन्। एक पटक जन्मदर्ता प्रमाणपत्र लिन जाँदाको समेत उनीहरूको भेट केवल तीन पटक भएको थियो ।

अर्की महिलाले चाहिँ एक पुरुषलाई १० हजार पाउन्ड तिरेको सुनाइन्। तर ती पुरुषले उनको आप्रवासी हैसियतबारे झुटो दाबी गरेको उनले पछि मात्र थाहा पाइन् ।'मेरो शिशुको जन्मदर्ता प्रमाणपत्र लिएको एक दिनपछि मात्र थाहा पाएँ कि उसको त नागरिकता नै रहेनछ। मलाई निकै गाह्रो भयो किनकि प्रमाणपत्रमा मैले ती पुरुषको विवरण राखिसकेकी थिएँ र त्यो परिवर्तन गर्न सकिएन ।'फलस्वरूप उनको शिशुको पिता एक अपरिचित पुरुष छन् । अनि उनी र उनको शिशुसँग यूकेमा बस्न पाउने अधिकार पनि छैन ।

हर्जप भङ्गलका अनुसार शङ्कास्पद थुप्रै भिसा निवेदनमाथि होम अफिसले अनुसन्धान गर्नुपर्छ। 'यदि कुनै शिशुले ब्रिटिश भएको दाबी गरिएको छ जसमा एक अभिभावक ब्रिटिश र अर्को अभिभावक भिसाविहीन छन् भने त्यस्ता मामिलामा डीएनए परीक्षण माग गर्नु वाञ्छनीय उचित हुन्छ।'

यूकेमा जन्म दर्ता वा बालबालिकाको पासपोर्टका निम्ति निवेदन दिँदा डिएनए परीक्षण आवश्यक पर्दैन । यी अपराधमा खासै कुनै कारबाही नभएको भङ्गल ठान्छन् । 'त्यसैले मानिसहरूले यी काम गरिरहेका छन् किनभने परिणामको उनीहरूलाई कुनै डर भएन ।'

# इरानबाट टाढिँदै पाकिस्तान



**सिन्ह्वा**
**इस्लामावाद ।**
इरानले सुन्नी संसारसँग आफ्नो सम्बन्धलाई उच्च महत्वका साथ अघि बढाएपछि इस्लामावाद र तेहरानबीचको सम्बन्ध चिसिदै गएको छ। यद्यपि इरानले २०२१ देखि नै पाकिस्तानसँग सम्बन्धलाई सुमधुर तुल्याउन कूटनीतिक एवम् सैन्य प्रयास गरिरहेको पाकिस्तान मिलिटरी मनिटरले जनाएको छ।

इरान आफ्नो पूर्वी छिमेकीसँगको सीमापार आतङ्कवाददेखि आर्थिक र सैन्य सम्बन्ध सुधारका साथै दुवै मुलुकबीचका प्रमुख समस्या समाधान गर्न अडिग रहेको बताएको छ तर पाकिस्तानको राजनीतिक एवम् आर्थिक अराजकताका कारण तेहरानको प्रयास असफल भएको मिलिटरी मनिटरले उल्लेख गरेको छ ।तेहरानले सधैँ परिपक्व दृष्टिकोण देखाएको छ भने पाकिस्तानको दृष्टिकोण सधैँ अविश्वसनीय रहेको छ।

पाकिस्तानले इरानलाई सीमापार आतङ्कवाद र तस्करीको आरोप लगाउँदै आएको छभने तेहरानले सीमापार आक्रमण पाकिस्तानमा शियाहरूमाथि हमला र पाकिस्तानमा सञ्चालन भइरहेको गैरकानुनी मानव तस्करी नेटवर्कका कारण बढी पीडा भोगेको गुनासो गरेको छ।

इरान-पाकिस्तान ग्यास पाइपलाइन परियोजनाबाट द्विपक्षीय सम्बन्ध चिसिएको देखिन्छ। ग्यास पाइपलाइन परियोजनामा इरान र पाकिस्तानका राष्ट्रपतिले सन् २००९ मा औपचारिक रूपमा हस्ताक्षर गरेका थिए। ग्यास खरिद तथा बिक्री कार्यान्वयन सम्झौतामा इरानका तर्फबाट एनआईओसी र पाकिस्तानी सेनाले हस्ताक्षर गरेका थिए।

सम्झौताअनुसार इरानले असलुयेहदेखि पाकिस्तानसँगको सीमासम्म करिब एक हजार दुई सय किलोमिटर लामो पाइपलाइन निर्माण गर्नुपर्ने थियोभने पाकिस्तानले मक्रन तटबाट नवाबशाहसम्मको सात सय ५० किलोमिटर क्षेत्रभित्र पाइपलाइन निर्माण गर्नुपर्ने थियो तर पाकिस्तानले सन् २०१२ सम्म पाइपलाइन निर्माणका लागि जग्गा अधिग्रहणसमेत गरेको थिएन।

पाकिस्तानको दोहोरो व्यवहारबाट आजित इरानको राष्ट्रिय इरानी तेल कम्पनी ( एनआईओसी) ले सन् २०१९ मा पाकिस्तानलाई 'विक्रेता समाप्ति सूचना' र ' नियम उल्लङ्घनको सूचना' पठाएको थियो। पाकिस्तानको निरन्तर अनुरोधपछि इरानले नियम उल्लङ्घन सूचना फिर्ता लिदै ग्यास खरिद र बिक्री सम्झौतामा फेरि संशोधन गर्न सहमति जनायो। छिमेकी पाकिस्तानलाई अवसर प्रदान गर्दै नयाँ सम्झौतामा सन् २०१९को सेप्टेम्बर ५ मा हस्ताक्षर गरियो। नयाँ सम्झौताअनुसार पाँच वर्षसम्मको अवधि भएको उक्त सम्झौताका प्रावधानलाई पाकिस्तानले पुनः बेवास्ता गरोको छ। आगामी मार्चभित्रमा सम्पन्न गरिसक्नुपर्ने परियोजनाका काम भएका छैनन्।

पाकिस्तानका तर्फबाट आयोजना कार्यान्वयन नहुँदा समस्या भएको छ। इरानले आफ्नो तर्फबाट करिब २ अर्ब अमेरिकी डलर लगानी गरेर पाइपलाइनको नौ सय किलोमिटर भाग पूरा गरिसकेको छ।

इरानको आग्रहमा पाकिस्तानले इरानमाथिको प्रतिबन्धको लागि अमेरिकालाई दोष लगायो। यसको परिणामस्वरूप बैंकहरूले परियोजनामा लगानी गर्न अस्वीकार गरे। इरानले परियोजनाको लागि आर्थिक सहयोग प्रस्ताव गर्‍यो तर पाकिस्तानको दोहोरो दृष्टिकोणले दुई पक्षबीचको सहयोगको परियोजना असफल भयो। परियोजना असफल भएकामा त्यसको दोष इरानमाथि थोपरिएको पाकिस्तान मिलिट्री मनिटरको प्रतिवेदनमा उल्लेख छ।

'पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफ र विदेशमन्त्री बिलावल भुट्टो जरदारीलगायत नेताहरू इरानी नेताहरूसँग भेटवार्ता गरिरहेका छन् तर समस्या समाधान गर्नुको सट्टा लाचारी व्यक्त गर्ने प्रयास बढी व्यक्त भएको छ। यस्तो अवस्थामा तेहरानसँग पाकिस्तानलाई कानुनी कारबाही गर्नुबाहेक अर्को विकल्प छैन,' प्रतिवेदनमा भनिएको छ।

यसैबीच, समुद्रमा पाकिस्तानको आक्रामक व्यवहारले इरानलाई चिन्तित बनाएको छ। हालैका वर्षमा पाकिस्तानी नौसैनिक जहाज र समुद्री जहाजले विशेष गरी इरानी माछुवारामाथि गरेको व्यवहारप्रति तेहरानले आपत्ति जनाएको छ। हालैको एउटा घटनामा एउटा इरानी माछा मार्ने डुङ्गालाई पाकिस्तानको पिएमएसएस हिङ्गोलले ओमानको खाडीमा निरीक्षणको बहानामा जबरजस्ती रोकेको थियो। पाकिस्तान मिलिट्री मनिटर प्रतिवेदनअनुसार पाकिस्तानी नौसेनाका कर्मचारीहरूले माछा मार्नेहरूलाई उत्पीडन र धम्की दिएर उनीहरूलाई अमानवीय व्यवहार गर्ने तथा माछा मार्ने जहाजलाई पनि जानाजानी क्षति पुर्‍याएका छन्। यस घटनाबाट आक्रोशित इरानले पाकिस्तानी नौसेना सहचारी क्याप्टेन राशिद खुर्रमलाई विदेश कार्यालयमा बोलाएर स्पष्टीकरण सोधेको थियो। पाकिस्तानको गलत व्यवहारका कारण चिढिएको तेहरान इस्लामावादबाट क्रमशः टाढिदै गएको छ।

# न्यु मेक्सिकोमा युवकद्वारा ३ जनाको हत्या



**एपी**
**फार्मिङ्टन।**
अठार वर्षीय बन्दुकधारीले युवकले सोमबार यहाँस्तित गिर्जाघर बाहिर गोली हानेर तीन जनाको हत्या गरेका छन्। गोली लागेर दुई प्रहरी अधिकारीहरू सहित अन्य केही व्यक्तिहरू घाइते भएको अल जजीराले उल्लेख गरेको छ। गोली हान्ने ती युवकलाई प्रहरीले गोली हानी मारेको छ।

अल जजीराका अनुसार न्यु मेक्सिकोको फार्मिङ्टनको आवासीय क्षेत्रमा सोमबार गोली हानाहान गर्ने किशोर बन्दुकधारीले दुई प्रहरीसहित धेरै व्यक्ति घाइते भएको प्रहरीले बताएको छ।

सो घटनाबाट अन्य थुप्रै नागरिक पीडित भएको फार्मिंग्टन प्रहरीले फेसबुक मार्फत जानकारी दिदै एकजना संदिग्धलाई घटनास्थलमै गोली हानी मारेको बताएको छ। यसैबीच फार्मिङ्टनमा भएको गोलीकाण्डपछि शहरभरका विद्यालयहरू बन्द गरिएको प्रहरीले जनाएको छ।

बिहान ११ बजे गोली चलेको खबर आएपछि आसपासका विद्यालयमा विद्यार्थिहरूलाई विद्यालयमै सुरक्षित राखिएको थियो। शहरको प्रहरी विभागले फेसबुक पोस्टमा भनेको छ- कम्तिमा तीन जना सर्वसाधारणको हत्या भएको थियो र संदिग्धलाई मारिएको छ। घाइतेहरूको सान जुआन क्षेत्रीय मेडिकल सेन्टरमा उपचार भइरहेको छ।

प्रहरीले मारिएका र घाइते भएकाहरूको नाम सार्वजनिक गरेको छैन। घटना बारे विस्तृत विवरण पनि सार्वजनिक गरिएको छैन। गम्भीर अनुसन्धान भइरहेको मात्र उल्लेख गरुएको छ।

# न्युजिल्यान्डमा आगलागी हुँदा ठूलो धनजनको क्षति



**एएफपी**
**वेलिङ्टन।**
न्युजिल्यान्डको डाउनटाउन वेलिङ्गटनमा रहेको चार तले होस्टेल भवनमा रातभरि आगलागी हुँदा कैयौँ व्यक्तिको मृत्यु भएको छ भने ३० जनाभन्दा बढी बेपत्ता भएका छन् । प्रहरीले दिएको जानकारी अनुसार मङ्गलबार बिहान करिब १२:३० बजे मध्य वेलिङ्गटनको एडिलेड रोडमा रहेको लोफर्स लज होस्टेलमा आगो लागेको र ठूलो धनजनको क्षति भएको थियो।

अहिले हताहती र घाइतेको संख्या एकिन नभए पनि प्रहरीको प्रारम्भिक मूल्याङ्कन अनुसार मृत्यु हुनेको संख्या १० को आसपासमा रहेको छ । उक्त भवनबाट ५२ जनालाई उद्धार गरी बाहिर निकालिएको थियो भने पाँच जनाको छतबाट उद्धार गरिएको थियो । तर अझै थुप्रै व्यक्ति बेपत्ता रहेको प्रहरीले जनाएको छ । त्यसैगरी दुईजना गम्भीर घाइते सहित पाँच जनालाई अस्पताल पठाइएको छ।

बिहानको समाचार कार्यक्रमसँग कुरा गर्दै न्युजिल्याण्डका प्रधानमन्त्री क्रिस हिपकिन्सले सो घटनामा थप मृत्यु हुनसक्ने आशङ्का रहेको बताएका छन्। घटनास्थलको निरिक्षणपछि हिपकिन्सले पीडितहरू र तिनीहरूका परिवारहरूप्रति संवेदना व्यक्त गरे। उक्त भवन यस वर्षको शुरुमा निरीक्षण गरिएको र सबै मापदण्ड पूरा गरिएको पाइएको भए पनि यसमा स्प्रिंकलर प्रणाली भने नभएको आवास मन्त्री मेगन वुड्सले बताए।

# केन्याले सीमा ३० दिनभित्र खोल्ने



**सिन्ह्वा**
**नैरोबी।**
केन्या र सोमालियाले ११ वर्षदेखि बन्द रहेको आफ्नो सीमा नाका पुनः खोल्न सोमबार सहमत भएका छन् । आन्तरिक र राष्ट्रिय प्रशासन मन्त्रालयका क्याबिनेट सचिव किथुरे किन्डिकीले पत्रकारहरूलाई दिएको जानकारी हनुसार मन्डेरा काउन्टीका सीमानाहरू आगामी ३० दिन भित्र खोलिनेछ। त्यसैगरी गारिसा काउन्टीको लिबोई र दक्षिणी सोमालियाको रास कम्बोनी अर्को ६० दिनभित्र खोलिनेछ । त्यसैगरी अन्य नाकाहरी पनि क्रमशः खोलिनेछ। सोमालियाका आन्तरिक सुरक्षा मन्त्री मोहम्मद अहमद शेख अलीसँग द्विपक्षीय वार्ता गरेपछि किन्डिकीले भनेका छन् - 'हामी सोमालियामा प्रवेश गर्ने अर्को सीमाना खोल्ने सम्भावनालाई पनि पुनर्विचार गर्ने प्रक्रियामा छौं ।'

केन्याले सन् २०१२ मा अल-शबाब आतङ्कवादी समूहबाट बढेको आतङ्ककारी हमलापछि सोमालियासँगको आफ्नो सीमा बन्द गरेको थियो। जनताको आवतजावतलाई सहज बनाउन र वस्तु तथा सेवाको व्यापार बढाउन दुवै देशबीच साझा सीमा पुनः खोल्ने सहमति भएको अलीले बताएका छन् । साझा सिमानाका आसपासका समुदायले भोग्नुपरेको चुनौती एउटै देशले सम्बोधन गर्न नसक्ने गरी जटिल रहेको पनि उनले बताए।

# बागमती प्रदेश खेलकुद प्रतियोगिता जेठ ७ गतेदेखि

**रासस**
**मकवानपुर।**
बागमती प्रदेश स्तरीय खेलकुद प्रतियोगिता यही जेठ ७ गतेदेखि सञ्चालन हुने भएको छ। प्रदेश खेलकुद विकास परिषद्ले मंगलबार हेटौँडामा पत्रकार सम्मेलन गरी दोस्रो संस्करणको सो प्रतियोगिताबारे जानकारी गराएको हो।

प्रतियोगीताका लागि रु नौ करोड ४२ लाख खर्च हुने बागमती प्रदेश खेलकुद परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारीले जानकारी दिए। प्रतियोगितामा १३ खेलका विभिन्न विधामा खेलाडीबीच प्रतिस्पर्धा छन् । यीमध्ये उसु र जुडो काठमाडौँमा, पौडी ललितपुरको सातदोवाटोमा तथा क्रिकेट चितवनमा खेलाइनेछ। फुटबल, भलिबल, एथलेटिक्स, तेक्वान्दो, कराँते, बक्सिङ, रग्वी, ब्याडमिन्टन र आइटिएफ तेक्वान्दोका खेल हेटौँडाका विभिन्न खेल मैदानमा खेलाइने सदस्य सचिव भण्डारीले बताए । प्रतियोगिताको उद्घाटन बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले गर्ने तय भएको छ।




प्रतियोगितामा विभिन्न बिधामा गरी एक हजार ७५ महिला, एक हजार चार सय २७ पुरुष खेलाडी, एक सय ७३ प्रशिक्षक, एक सय ४२ व्यवस्थापक र दुई सय ७६ निर्णायकको सहभागिता रहने सदस्य सचिव भण्डारीले बताए । पत्रकार सम्मेलनमा बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मुक्तानले विभिन्न खेलकुद प्रतियोगितासँगै प्रदेश सरकारले पूर्वाधार निर्माणमा जोड दिएको बताए।

# आजदेखि मदन-आश्रित स्मृति फुटबल




**रासस**
**काठमाडौँ।**
बुधबारदेखि मदन-आश्रित स्मृति 'नकआउट सेभेन ए साइड' खुला फुटबल प्रतियोगिता हुने भएको छ । नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजवादी) निकटको 'पिपुल्स भोलेन्टियर्स'को आयोजना तथा युवा सङ्घ नेपालको समन्वयमा हुन लागेको उक्त प्रतियोगितामा ६० टोलीको सहभागिता रहने छ। प्रतियोगिता यही जेठ ८ गतेसम्म चल्ने छ । प्रतियोगिताका सबै खेल लैनचौरस्थित खेल मैदानमा खेलाइने युवा सङ्घका स्थायी कमिटी सदस्य समीप त्रिपाठीले जानकारी दिए।

प्रतियोगिताको उपाधि विजेता टोलीलाई तीन लाख रुपैया, उपविजेतालाइ दुई लाख र तेस्रो हुने टोलीलाई एक लाख रुपैया पुरस्कार प्रदान गरिने आयोजक संस्थाले जनाएको छ । नेकपा (एमाले) का तत्कालिन महासचिव मदनकुमार भण्डारी र सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको स्मृतिमा उक्त प्रतियोगिता आयोजना गरिएको हो । उनीहरुको २०५० जेठ ३ गते चितवनको दासढुङ्गामा जिप दुर्घटनामा परी निधन भएको थियो।

# लोकतन्त्रको जित भएको इरानको भनाइ

**एपी**
**तेहरान।**
इरानी विदेश मन्त्रालयका प्रवक्ता नासेर कनानीले सोमबार तुर्किएको राष्ट्रपति र संसदीय निर्वाचनमा भएको उच्च मतदानलाई 'लोकतन्त्रको विजयको सङ्केत' भएको बताएका छन्।

आइतबारको चुनावमा टर्किएका नागरिकहरूको व्यापक सहभागितामा बारे टिप्पणी गर्दै मन्त्रालयको वेबसाइटमा प्रकाशित विज्ञप्तिमा कनानीले सो टिप्पणी गरेका हुन्। उनले टर्कीका जनता, निर्वाचनका आयोजकहरू, नेताहरू र राजनीतिक दलहरूलाई मतदानको सफल आयोजना गरी लोकतान्त्रिक गतिविधिको सुदृण पार्दै 'लोकतन्त्रको विजय' गराएकामा बधाइ दिएका छन् । तुर्किएको पहिलो चरणको राष्ट्रपतिय र संसदीय चुनावमा मतदान गर्न लगभग ६ करोड मतदाताहरू दर्ता भएका छन् । विदेशमा रहेका करिब ३५ लाख मतदातालाई अग्रिम भोट हाल्न आह्वान गरिएको छ । झण्डै ८० प्रतिशत बढी बतदान भएको थियो।

# मार्केटिङको जागिरको प्रलोभनमा बन्धक बनाएर यौनशोषण

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको सीमावर्ती भारतको रक्सौलमा बन्धक बनाइएका ११ जनालाई प्रहरीले उद्धार गरेको छ।
प्रहरी निरीक्षक मनोजकुमार शर्माको नेतृत्वमा रहेको भारतीय प्रहरी टोलीले रक्सौलमा बन्धक बनाइएका आठ महिला र तीन पुरुषलाई उद्धार गरेको हो। राम्रो तलबसहित मार्केटिङको काम दिने प्रलोभनमा विभिन्न समयमा बोलाइएका उनीहरुलाई बन्धक बनाएर राखिएको अवस्थामा उद्धार गरिएको प्रहरीको भनाइ छ। एएसटियु एसएसबी रक्सौलको संयुक्त टोलीद्वारा उद्धार गरिएका आठमध्ये सात जना झारखण्ड र एक जना बंगालकी युवती छन्।
प्रहरी निरीक्षक शर्मालाई झारखण्डकी पीडित युवतीकी आमाले छोरी रक्सौलमा बन्धक रहेको सूचना दिएपछि रक्सौल प्रहरीले रेस्क्यु अप्रेशन सुरु गरेको थियो।
प्रहरीले मोबाइल लोकेसन पछ्याउदै पीडित किशोरीलाई बन्धक बनाइएको स्थानमा पुगेर उद्धार गरेको हो। रेस्क्यु अप्रेशनमा मानवतस्करी रोधी इकाई क्षेत्र बेतिया कार्यालय ४७ औं बाहिनी रक्सौलका प्रहरी निरीक्षक शर्मासहित अनुमण्डल प्रहरी पदाधिकारी, रक्सौल अञ्चलाधिकारी, बिहार प्रहरी, सशस्त्र बल न्याय केन्द्र प्रोजेक्ट पूर्वी चम्पारणलगायतको टोली सहभागी थियो।
टोलीले युवती र युवकलाई बन्धक बनाउन सक्रिय पाँचमध्ये दुई जनालाई पक्राउ गरेको छ भने अन्यको खोजी सुरु गरेको छ। उद्धार गरिएका किशोरीले आफूहरुमाथि पीडकले यौन शोषणसमेत गरेको बयान दिएका छन्। पीडकले १२ हजार रुपैयाँ दिएमा मुक्त गरिदिने भन्दै रकम माग गरेको र रकम बुझाउन नसक्दा आफूहरुलाई औषधी खुवाउँदै यौनशोषण गरेको बयान किशोरीले दिएको प्रहरीको भनाइ छ। पीडित युवकसँग भने बन्धक बनाउनेले २० हजार नगद माग गरेका थिए।

# सातदिने शिवमहापुराणको कथा वाचन हुने

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको आदर्शनगर रंगशालामा बुधबारबाट सुरू हुने शिव महापुराण कथा तथा डोलेश्वर महादेव शिवपुराणको सम्पूर्ण तयारी पुरा भएको छ।
वीरगंज महानगरपालिका तथा शिवपुराण कथा आयोजक समितिले गर्न लागेको ७ दिने शिवमहापुराणको कथा वाचन ख्यातिप्राप्त पण्डित तथा कथाव्यास प्रदिप मिश्राले गर्नेछन्। कथा वाचन तथा प्रवचन सुन्न भारतको उत्तर प्रदेश, झारखण्ड, बिहारका विभिन्न स्थानबाट सैयौँको संख्यामा भक्तजन वीरगंज आइपुगेका छन्। शिवपुराणका लागि आदर्शनगर रंगशालामा हजारौँ भक्तजन अट्ने पाण्डाल निर्माण गरिएको छ।
भारतबाट आएका भक्तजनलाई वीरगंजका विभिन्न धर्मशालामा बस्ने व्यवस्था मिलाइएको आयोजक समितिका संयोजक सुनिल खेतानले जानकारी दिए। तीन दिन अघिदेखि नै कथा श्रवण गर्न भारतबाट आएका भक्तजनले पाण्डालमा आफ्नो ठाउँ ओगटिसकेका छन्। वीरगंजमा हुने शिवमहापुराणमा विशेष गरी डोलेश्वर महादेवको उत्पत्ति नेपालको पशुपतिनाथ मन्दिरदेखि १२ किलोमिटर टाढा कसरी भयो भन्ने सम्बन्धमा पण्डित प्रदिप मिश्रले कथा मार्फत जानकारी दिने कार्यक्रम रहेको आयोजक समितिका सदस्य जय प्रकाश खेतानले जानकारी दिए।
यसैबीच बुधबार बिहान भारतको रक्सौल हुँदै नेपाल आउन हुने पण्डित प्रदिप मिश्रलाई भव्यरुपमा स्वागत गर्न तथा शोभायात्रामा सहभागी हुन बिहान ९ बजे शंकराचार्य द्वारमा पुग्न सम्पूर्ण दर्शनार्थी तथा भक्तजनलाई आयोजक समितिका स्वामी निरञ्जन महाराजले आग्रह गरेका छन्।

# खानेपानीका ५५२ ग्राहकको १० करोड बक्यौता

## ‘वीरगंजका ख्यातिप्राप्त व्यापारी, संघसंस्था, अस्पताल, कलेज तथा उच्च पदका नेतासमेत खानेपानीको पैसा नतिर्ने सूचीमा छन्’

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल खानेपानी संस्थान वीरगंजको खानेपानी महसुल बक्यौता १० करोड रुपैयाँ नाघेको छ। संस्थानले महसुलबापतको रकम नतिर्ने ५ सय ५२ ग्राहकको नाम पनि सार्वजनिक गरेको छ। खानेपानीका ग्राहकले रकम नबुझाउदा वीरगंज शाखाको मात्रै १० करोड रुपैयाँ बक्यौता पुगेको छ।
२०३७ सालदेखि खानेपानीको सेवा लिँदै आएका सेवाग्राहीले खानेपानीको बिल नतिरेको कारण बक्यौता थपिँदै गएको कार्यालय प्रमुख निरण महर्जनले जानकारी दिए। उनले लामो समयदेखि सेवाग्राहीलाई पत्र पठाउँदा समेत रकम तिर्न नआएको बताए। उनका अनुसार बक्यौता रकम नबुझाउनेमा वीरगंजका ख्यातिप्राप्त व्यापारी, संघसंस्था, अस्पताल, कलेज तथा उच्च पदका नेतासमेत छन्। उनले खानेपानी सस्थांनको प्रधान कार्यालयबाट नीतिगत अनुरुप नै पत्र काटेर पठाउने गरेकाले आफूहरुले समेत सोही बमोजिम वीरगंजका सेवाग्राहीलाई पत्राचार गरेको बताए। प्रमुख महर्जनले कानुनी प्रक्रियाअनुसार




आफूहरुले बक्यौता नतिर्ने ग्राहकको पानीको धाराको लाइन काट्ने गरेको उल्लेख गरे। बक्यौता तिर्न पटकपटक पत्राचार गर्दा समेत बेवास्ता गर्नेलाई कानुन बमोजिम कारबाही गरिने चेतावनीसमेत दिइएको छ। बक्यौता बाँकी रहेका सेवाग्राहीलाई किस्ताबन्दीमा भए पनि रकम तिर्न आग्रह गरिएको कार्यालय प्रमुख महर्जनले बताए।

# लेखापढी कानुन व्यवसायी आन्दोलित

**मधेशदृष्टि**
**बारा।**
लेखापढी कानुन व्यवसायीले भूसेवा सञ्चालनको म्याद बढाउन माग गर्दै जारी राखेको आन्दोलनका कारण मालपोत कार्यालय बाराको कामकाज प्रभावित भएको छ।
लेखापढी कानुन व्यवसायीले पेन डाउन गरेपछि कार्यालयमा आउने सेवाग्राहीको अनलाइन फाराम भरिदिने लेखापढी नहुँदा कार्यालयमा कर्मचारी बसे पनि काम हुन नसक्दा सेवाग्राहीलाई मर्का परेको छ। भूमि सुधार तथा व्यवस्थापन विभागले मालपोतलाई बाँकी तालिम दिन निर्देशन दिए पनि मालपोत कार्यालयले अहिलेसम्म तालिम नै नदिई लेखापढी कानुन व्यवसायीलाई




काम गर्नबाट वञ्चित गराउने उद्देश्यका साथ जेठ १ गते देखि भूसेवा सञ्चालनमा ल्याएको छ। सेवा सञ्चालनपछि बारा मालपोतमा कार्यरत ५४ लेखापढी कानुन व्यवसायी मर्कामा परेको लेखापढी कानुन व्यवसायी संघ बाराका अध्यक्ष बृजकिशोर यादवले बताए। मालपोत कार्यालयले पुस महिनामा भूसेवा सञ्चालन गर्न सूचना प्रकाशित गरेको हुँदा लेखापढी कानुन व्यवसायीले ५३ हजार रुपैयाँ धरौटी राखेर अनलाइन फाराम भरेको भए पनि चैत १८ गते विभागले तालिममा बोलाउँदा नगएकाहरु आन्दोलनमा उत्रिएका हुन्। मालपोत कार्यालयका प्रमुख सुमन चौधरीले लेखापढी कानुन व्यवसायीले जेठ १ गतेदेखि सेवा सुचारु गर्न दुई पक्षबीच सहमतिमा हस्ताक्षर समेत गरिसकेको अवस्थामा सहमतिबाट लेखापढी व्यवसायी नै पन्छिरहेको बताए। वैशाख ३ गते नै सेवा सुचारु गर्न मालपोत कार्यालयले तयारी गरे पनि लेखापढी व्यवसायीको विरोधका कारण सेवा सञ्चालनमा आउन नसकेको मालपोत प्रमुख चौधरीले बताए।

# निजगढ विमानस्थललाई बजेट देऊः नेपाल



**मधेशदृष्टि**
**वीरगंज।**
नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले निजगढ अन्तर्राष्ट्रिय विमानस्थललाई अघि बढाउन आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रममा उच्च प्राथमिकता दिन सरकारसँग माग गरेका छन्।
अध्यक्ष नेपालले विमानस्थलको काम अघि बढाउन सरकारले संसदमा पेश गरेको आगामी आर्थिक वर्षको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा उल्लेख नगरिएको भन्दै अर्थमन्त्री डा. प्रकाशशरण महतप्रति असन्तुष्टिसमेत व्यक्त गरे। मंगलबार संघीय संसद अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सिंहदरबारमा बसेको बैठकमा बोल्दै उनले विमानस्थलको महत्व अर्थमन्त्री महतले नबुझेको कि भनेर प्रश्नसमेत गरे।
अध्यक्ष नेपालले मुलुकको गेम चेन्जर प्रोग्रामका रुपमा रहेको विमानस्थललाई अघि बढाउन संसदीय समितिलाई पनि विशेष ध्यान दिन आग्रह गरे। अध्यक्ष नेपालले आफूले जति कोसिस गर्दा पनि विमानस्थलको काम अघि बढ्न नसकेको गुनासो पनि गरे। उनले ठूला शक्ति राष्ट्रसँगको कूटनीतिक सम्बन्धलाई विशेष ख्याल गरेर अन्तर्राष्ट्रिय सम्बन्ध समितिले सरकारलाई आवश्यक निर्देशन दिनुपर्ने बताए।

# गर्मीले विद्यालय सञ्चालनमै समस्या



**मधेशदृष्टि**
**वीरगंज।**
तराई मधेशका जिल्लामा प्रचण्ड गर्मी र चर्को घामका कारण विद्यार्थीलाई पठनपाठनमा समस्या भएको छ। अझ साना कक्षाका बालबालिका गर्मीबाट बढी प्रभावित भएका छन्। उनीहरुलाई विद्यालयमा पढाउनै समस्या भएको छ।
वैशाख महिना सुरु भएदेखि नै बढेको गर्मी र तातो हावा चल्दा विद्यार्थी र शिक्षक कक्षाकोठामा बस्नसमेत नसक्ने अवस्था बनेको छ। अधिकांश विद्यालयका छाना जस्तापाताको रहेको कारण कक्षा कोठामा बस्दा गर्मीले असिनपसिन भएर निथ्रुकै भिज्ने गरेका छन्। गर्मीका कारण पठनपाठनमा ध्यान केन्द्रित हुन नसकेको विद्यार्थीको गुनासो छ।
पर्साको पटेर्वासुगौली गाउँपालिका वडा नम्बर ५ स्थित नेरा मावि निचुटाका प्रधानाध्यापक श्याम घिमिरेले एउटा कक्षामा एकसयभन्दा बढी विद्यार्थी राखेर पढाउनु पर्ने भएकाले सहनै नसक्ने गरी उकुसमुकुस हुने गरेको जानकारी दिए। मध्याह्न १२ बजेपछि निकै गर्मी हुने र टाढाबाट आएका विद्यार्थी प्रचण्ड घाममा घर फर्कंदा स्वास्थ्यमा समस्या देखिने गरेको प्रधानाध्यापक घिमिरेले बताए। एउटा कक्षा कोठामा दुईवटा पंखा चलाउँदा पनि चिसो हावा नआउने गरेको भन्दै प्राध्यापक घिमिरेले पढाइको समस्याबारे स्थानीय तहलाई जानकारी गराइएको बताए। त्यसैगरी पर्साकै जीराभवानी गाउँपालिका वडा नम्बर १ मा स्थित शिवशक्ति प्रावि, शान्तिनगरका प्रधानाध्यापक रविमोहन सापकोटाले प्रचण्ड गर्मीसँगै तातो हावाका कारण विद्यालयमा कक्षा सञ्चालनमा कठिनाइ भएको दुखेसो व्यक्त गरे। प्राथमिक विद्यालयमा अध्ययनरत ससाना बालबालिका गर्मीकै कारण पसिनाले निथ्रुक्क भिज्ने गरेको जानकारी दिए। यता ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले अत्यधिक बढेको गर्मीकै कारण पालिकामा रहेका सामुदायिक विद्यालयमा बिहानी कक्षा सुरु गरिएको जानकारी दिए। बिहानी कक्षा सञ्चालन भएपछि विद्यार्थीले गर्मीबाट केही राहत पाएको उनको भनाइ छ।

# वडाध्यक्षले कक्षा ११ का सबै छात्रालाई कम्प्युटर दिने

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका वडा नम्बर ३० मा कक्षा ११ मा अध्ययनरत १६ छात्रालाई कम्प्युटर वितरण गरिएको छ। नेपाल राष्ट्रिय आधारभूत विद्यालय लालपर्सामा आयोजित कार्यक्रममा छात्रालाई १६ थान डेस्कटप कम्प्युटर वितरण गरिएको वडाध्यक्ष मनोजकुमार यादवले
बताए। पर्सा क्षेत्र नम्बर १ का सांसद एवम् पूर्व वनमन्त्री प्रदीप यादव र वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले छात्रालाई कम्प्युटर वितरण गरे।
वडाध्यक्ष यादवले आफ्नो चुनावी घोषणापत्रअनुसार एसइइ उत्तीर्ण गरी कक्षा ११ मा अध्ययनरत छात्रालाई कम्प्युटर प्रदान गरिएको बताए। वडाध्यक्ष यादवका अनुसार, स्कुलमा कम्प्युटर कक्षा अध्ययन गरिरहेका विद्यार्थीको गाउँमा कम्प्युटर नहुँदा पढाइ प्रभावित भइरहेको हुन्छ।
यसपालि एसइइ परीक्षामा सहभागी भएका छात्रालाई असार मसान्तपछि कम्प्युटर प्रदान गर्ने योजना रहेको वडाध्यक्षले सुनाए। छात्रालाई ल्यापटप वितरण गर्ने योजना भए पनि बजेट अभावका कारण डेस्कटप कम्प्युटर वितरण गरिएको उनले बताए। वडाअध्यक्ष यादवले आफ्नो कार्यकालभर एसइइ उत्तीर्ण गरी कक्षा ११ मा अध्ययनरत छात्रालाई कम्प्युटर वितरण गरिने बताए।

# युनियनमा चौहान



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल प्रेस युनियन पर्साको अध्यक्षमा विजय चौहान (महतो) निर्वाचित भएका छन्।
नयाँ नेतृत्व चयनका लागि सोमबार राति सम्पन्न निर्वाचनबाट अध्यक्षमा चौहान विजयी भएका हुन्। ४१ मत खसेकोमा चौहानले २३ मत पाउँदा उनका प्रतिस्पर्धी लालकिशोर सिंहले १८ मत ल्याए। यस्तै, प्रेस युनियन पर्साको उपाध्यक्षमा क्रान्ति साह र अलि असगर देवान निर्विरोध निर्वाचित भएको छन्। यस्तै, सचिवमा इरफान अली, कोषाध्यक्षमा कपिलदेव यादव र सहसचिवमा आरजु देवकोटा निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत रामाशीष यादवले जानकारी दिए।
यस्तै सदस्यमा सन्जय कुमार, राकेशप्रसाद चौरसिया, जंगबहादुर पटेल, ओमप्रकाश चौधरी, हुकुम सिंह राजपुत, नुर आलमलगायतका निर्वाचित भएका छन्। निर्वाचन अधिकृत यादवका अनुसार अध्यक्षबाहेक सबै पद निर्विरोध भएको हो।

# वामपन्थी नेता साहको निधन



**मधेशदृष्टि**
**रौतहट।**
वामपन्थी विचारका नेता नेपाली साहको ८० वर्षको उमेरमा मंगलबार निधन भएको छ। कटहरिया नगरपालिका-५ घर भएका साहको उपचारक्रममा काठमाडौँस्थित शिक्षण अस्पतालमा निधन भएको हो। लामो समयदेखि श्वासप्रश्वासको रोगबाट ग्रसित उनलाई उपचारको निमित्त एकसाताअघि शिक्षण अस्पतालमा भर्ना गरिएको थियो। मृतक साहको पार्थिव शरीर काठमाडौँबाट घर ल्याएर बुधबार लालबकैया नदीमा अन्तेष्टी गरिने उनका छोरा रामजीवन साहले बताए।
रौतहटका वामपन्थी नेता स्वर्गीय हरिदयाल महतो, स्वर्गीय शेख फरमानको सानिध्यमा रहेर नेता साह लामो समयदेखि वामपन्थी राजनीतिमा सक्रिय थिए। रौतहटकै वामपन्थी नेताद्वय विष्णुबहादुर मानन्धर, माधवकुमार नेपालसँग पनि उनको निकटता थियो।
पछिल्लो समय उनले अर्का वामपन्थी नेता प्रभु साहलाई विगत दुई चुनावदेखि सघाउँदै आएका थिए। २०५४ को स्थानीय निर्वाचनमा स्वर्गीय साह नेकपा एमालेबाट तत्कालीन कटहरिया गाविस-५ मा वडा अध्यक्ष निर्वाचित भएका थिए। साहका तीन छोरा छन्। यसैबीच, पूर्वमन्त्री तथा आमजनता पार्टीका अध्यक्ष प्रभु साहले उनको निधनप्रति दुःख व्यक्त गर्दै श्रद्धाञ्जली व्यक्त गरेका छन्। उनले शोक विज्ञप्ति जारी गर्दै नेता साहको निधनले सिङ्गो पार्टीलाई अपुरणीय क्षति भएको उल्लेख गरेका छन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन